# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४२ / अंक : १ / २०८१ साउन ११ गते शुक्रबार / नेपाल सम्वत ११४४ / July. 26, 2024 / मूल्य रु. १०/-


## उपसभामुख राना राजिनामा देऊ

काठमाडौ । रास्वपाबाट संघीय संसदको उपसभामुखमा रहेकी इन्दिरा रानाले आफ्नो पदको दुरूपयोग गरी ५ जनालाई अमेरिका लग्ने गरी पत्र अमेरिकी राजदूतावासमा पठाएको विषय मानव तस्करी नै भएको घटनासँग मिल्दोजुल्दो रहेका भन्दै सुरक्षाविद्हरूले प्रश्न उठाएका छन् ।

केही सुरक्षाविज्ञहरूले उपसभामुख रानामाथि अनुसन्धान हुनुपर्ने बताउँदै आएका भएपनि उनी संलग्न रहेको पार्टी रास्वपा भने चुपचाप रहेको छ । उपसभामुखको भनाईलाई हेर्दा फरक फरक विषयहरू बाहिर आएका र उनले गर्ने नमिल्ने पत्राचार गरेको भन्दै उनीमाथि अनुसन्धान गर्नुपर्ने र त्यो कार्य मानवतस्करीकै प्रकृत्तिको रहेकाले गर्दा उनीमाथि नेपाल प्रहरीले अनुसन्धान गर्नपर्ने पूर्व सुरक्षाकर्मीहरूले बताएका छन् ।

उपसभामुख राना विरूद्ध संसदको कार्यव्यवस्था परामर्श समितिमा

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## कांग्रेस, एमालेको सरकार असफल भए मुलुक नै संकटमा

काठमाडौ । मुलुकमा दुई ठुला राजनीतिक दलहरू मिलेर सरकार गठन गरेका हुनाले नेकपा एमालेका अध्यक्ष समेत रहेका केपी ओली नेतृत्वको सरकारसँग जनताले ठुलो आशा र भरोसा गरेका छन् । यति बेला जनतामा निराशा छाएको छ । मुलुक बाढी पहिरोले गर्दा आक्रान्त भएको छ भने बढी पहिरोले धेरै जनताको दुःखद निधन समेत भईसकेको छ । यस्तो दुखद अवस्थामा सरकराले आफ्ना नागरिकलाई दिनुपर्ने सेवा सुविधा विगतको पुष्पकमल दाहाल सरकारले ध्यान नपुऱ्याएको हुनाले ओली सरकारबाट जनताले सेवा सुविधा पाउने आशा गरेका छन् ।

मुलुकको राजधानी काठमाडौमा नै बर्षाको बेला पनि खानेपानी हाहाकार भएको छ । जनताले ट्याँकरबाट पानी किनेर खानुपर्ने वाध्यता रहेको छ । जनताका घरमा धारा

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्री ओलीको अग्नी परीक्षा सुरू

काठमाडौ । २०८१ असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीचमा भएको ७ बुँदे सहमति अनुसार नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्रीमा नियुक्त भएका र उनले श्रावण ६ गते संघीय संसदबाट विश्वासको मत समेत लिएका छन् । संघीय संसदमा (प्रतिनिधिसभा)मा जम्मा २ सय ७५ सांसद रहेकोमा प्रधानमन्त्री ओलीले १ सय ८८ सांसदको समर्थन पाएका छन् ।

प्रधानमन्त्री ओलीलाई कांग्रेसका ८४, एमालेका ७६, जसपाका ७, जनमतका ६, जसपा नेपालका ५, लोसपाका ४, नागरिक उन्मुक्तिका ४ र दुई स्वतन्त्र सांसद, अमरेश कुमार सिंह र योगेन्द्र मण्डलले विश्वासको मत दिएका थिए । विपक्षमा माओवादी केन्द्रका ३१, रास्वपाको २०, राप्रपाका ११ नेकपा, समाजवादीका १०, जनमोर्चाका १, आम जनता पार्टीका १ गरी ७४ सांसद रहेका थिए भने नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल तटस्थ

>>> बाँकी ८ पेजमा

# समस्याको चाङै चाङमा ओली सरकार

### कायम होला त विधिको शासन र सुशासन

काठमाडौ । गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको ७ बुँदे सहमति अनुसार नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री बनेका छन् । संसदबाट दुई तिहाईभन्दा बढीको समर्थन समेत उनले पाएका छन् । विगतको पुष्पकमल दाहाल नेतृत्वको सरकारले मुलुकलाई समस्याको चाङमा डुबाएको थियो । अब ओली सरकारले त्यस्ता समस्याहरूको समाधान गरी मुलुकलाई विधिको शासन र सुशासन कायम गर्नुपर्ने चुनौती रहेको छ । जनतामा व्यापक नैराश्यता छाएको छ । वर्षायाम भएकाले गर्दा बाढी र पहिरोले ठुलो मात्रामा धनजनको क्षति भएको छ । जनताले ओली सरकारबाट ठुलो आशा र भरोसा गरेका छन् । मुलुकका दुई ठुला पार्टी मिलेर सरकार गठन गरिएको हुनाले ओली सरकारलाई सरकार बचाइराख्न साना दलहरूको दवाव खेप्नुपर्ने आवश्यकता छैन । कांग्रेस र एमाले कै संसदमा १ सय ६६ सांसद रहेका छन् ? ओली सरकारलाई कांग्रेस, एमाले, लोसपा, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी, जसपा नेपाल र जसपाले समर्थन गरेका छन् । यी सबै पार्टीहरूको समर्थन सरकारलाई रहेको हुनाले संसदमा दुई तिहाई भन्दा बढीको समर्थन रहेको छ ।



पछिल्लो सयममा राजनीतिक दलहरूले जनताको विश्वास जित्न नसकेका र जनताको पक्षमा सरकारले कुनै उपलब्धिमूलक कार्य नगरेको हुनाले जनतामा निराशा छाएको थियो । अब जनतामा आशा एवं भरोसा जगाउने जिम्मेवारी ओली सरकारमा आएको छ । मुलुक भ्रष्टाचारमा डुबेको छ । जताततै भ्रष्टचार नै भ्रष्टाचार भएको छ । ललिता निवास जग्गा काण्ड, बाँसबारी छाला जुत्ता काण्ड, बालमन्दिर काण्ड, काभ्रेको पनौतीमा रामदेवले खरिद गरेको जग्गा काण्ड लगायतका धेरै काण्डहरू सतहमा आएका छन् भने पूर्व उपप्रधानमसहित गृहमन्त्री रहेका रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी काण्डमा मुछिएका छन् । लाखौं जनताले सहकारीमा राखेको पैसा ठगी भएको छ । सहकारीमा जनताले राखेको पैसा केही हर्ताकर्ताहरूले ठगी गरेका छन् । यस्तो विकराल अवस्थामा केपी ओली प्रधानमन्त्री भएकाले अब यी तमाम काण्डहरूको छानविन गरी जुनसुकै दलमा संलग्न भएका भएपनि भ्रष्टाचारमा मुछिएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याएर विधिको शासन र सुशासन कायम गर्ने जिम्मेवारी प्रधानमनत्री ओलीकै हो ।

सुन तस्करी प्रकरणमा मुछिएका

>>> बाँकी ८ पेजमा

## ओली सरकारलाई असफल हुने छुट छैन

काठमाडौ । २०८१ असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको ७ बुँदे सहमति अनुसार केपी ओली प्रधानमन्त्री बनेका र उनले श्रावण ६ गते नै दुई तिहाई भन्दा बढीको समर्थनमा विश्वासको मत पाएका छन् । विपक्षमा माओवादी केन्द्र, रास्वपा, राप्रपा, नेकपा एस, जनमोर्चा र आम जनता पार्टी रहेका छन् । संसदमा विपक्षी दलहरूको संख्या ७६ रहेको छ ।

कांग्रेस र एमालेबीचमा विगतमा पनि गठबन्धन गरेर सरकार सञ्चालन भई सकेको इतिहास रहेको छ । दुई ठुला दल संसदको पहिलो ठुलो दल र दोस्रो ठुलो दल मिलेर सरकार सञ्चालन गर्ने दुर्लम अभ्यासमा देश प्रवेश गरेकाले कुनै कारणले यो गठबन्धन पनि असफल भएमा देशको भविष्य के होला ? भनेर विज्ञहरूले दुवै दल र सरकारलाई सजग रहन आग्रह समेत गरेका छन् ।

एमाले अध्यक्ष ओली संविधानको धारा ७६ को २ अनुसार दुई वा दुई भन्दा बढी दलको समर्थनमा असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए । नियुक्तिको ३० दिनभित्रमा संसदबाट विश्वासको मत लिनुपर्ने सम्वैधानिक व्यवस्था रहेको भएपनि प्रधानमन्त्री ओलीले एक हप्तामै संसदबाट विश्वासको मत लिएका छन् ।

मुलुक यतिबेला कठिन मोडमा पुगेको छ ।

>>> बाँकी ८ पेजमा

## रानाले पत्र लेख्नु असंवैधानिक

काठमाडौ । नयाँ दलको रूपमा छोटो समयमै उदाएको रास्वपा एकपछि अर्को विवादमा पर्दै आएको छ । रास्वपालाई जनताले पहिला पटकमै राष्ट्रिय पार्टीको मान्यता दिलाएका थिए । पुराना दलहरू भन्दा आफूलाई फरक ढँगले देखाउने गरी आफूलाई स्थापित गराउन खोजेको थियो । तर सुरूदेखि नै यसका नेताहरू विभिन्न काण्डमा मुछिएका थिए भने सभापति रवि लामिछाने सहकारी ठगी काण्डमा मुछिएका थिए । त्यही कारणले पार्टीको नेतृत्वमाथि नै प्रश्न उठेको थियो । अहिले पनि पार्टीको नेतृत्वप्रति विभिन्न प्रकारका आरोप लाग्दै आएको छ ।

कोही व्यक्ति दोषी होस् वा नहोस् आरोप लागेपछि उक्त व्यक्तिमाथि अनुसन्धान हुनुपर्दछ भने पार्टी सभापति रवि लामिछानेले आफुले

>>> बाँकी ८ पेजमा


## हामी ४२औं वर्षमा प्रवेश

राष्ट्र, राष्ट्रियता र जनताको पक्षमा सशक्त आवाज उठाउँदै आएको अभियान साप्ताहकि आजदेखि हामी ४१ औँ वर्ष पूरा गरि ४२ औँ वर्षमा प्रवेश गरेका छौँ । विगत ४१ वर्षदेखि नियमित प्रकाशित हुँदै आएको यस अभियान साप्ताहिकलाई यहाँसम्म आइपुग्न सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण विज्ञापनदाता, संघ संस्था, पाठकबृन्द, ग्राहक, शुभ चिन्तक र पत्रिका विक्रेतासहित यस पत्रिकामा संलग्न हुनु भएका हाम्रा सबै मित्रहरुलाई ४२ औँ वर्ष प्रवेशको अवसरमा हार्दिक धन्यवाद दिन चाहान्छौँ ।

यस अभियान साप्ताहिकद्वारा विगत ८ वर्षदेखि अभियान साप्ताहिक विक्ली डटकम डटएनपी अनलाईन समेत सञ्चालनमा ल्याइएको व्यहोरा तपाईहरूसामु सुनाउन पाउँदा हामी हर्षित भएका छौँ । विगतमा जस्तै सहयोग र सद्भावको आशा हामीले भविष्यमा समेत राखेका छौँ । अभियान साप्ताहिक र यस साप्ताहिकद्वारा सञ्चालित भएको अभियान विक्ली डटकमले जनताको चाहना र तपाईहरूको सुझाव र मार्गदर्शनको सँधै अपेक्षा राखेको छ । अन्त्यमा हामी राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रको पक्षमा दृढ रहने विश्वास दिलाउँदै सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छौँ ।

देवेन्द्र चुडाल
सम्पादक/प्रकाशक
अभियान साप्ताहिक
अभियान विक्ली डटकम परिवार


## दाहालको रवैयाकै कारण कांग्रेस-एमालेको मिलन

काठमाडौ । गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीचमा ७ बुँदे सहमति भए पश्चात् सो सहमति अनुसार एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री नियुक्त भएका छन् भने उनले श्रावण ६ गते संसदबाट दुई तिहाई भन्दा बढी सांसद समर्थन समेत प्राप्त गरिसकेका छन् ।

कांग्रेस, एमालेबीचमा भएको सहमति अनुसार संसदको बाँकी कार्यकालमध्ये पहिलो दुई वर्ष ओली प्रधानमन्त्री रहने छन् भने त्यस पछिको डेढ वर्ष नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बने भएका छन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालकै रवैयाका कारण कांग्रेस र एमालेबीचमा साँत बुँदे सहमति भएको र सो



सहमति कार्यान्वयन समेत भएको छ जसको कारण केपी ओली प्रधानमन्त्री बनेका हुन् । पुष्पकमल दाहालले पटक पटक कांग्रेस र एमालेलाई खेलाउँदै आफ्नो स्वार्थ पूरा गर्दै आएका थिए ।

२०७९ पुस १० गते नेकपा एमाले सहमतिका अन्य दलहरूको समर्थनमा प्रधानमन्त्री बन्न सफल भएको दाहालले दुई महिना नपुग्नै कांग्रेससँग सहमति गरेर कांग्रेसको समर्थनमा प्रधानमन्त्री रहन सफल भए । कांग्रेससँगको गठबन्धनको दाहाल सरकार झण्डै १४ महिना सञ्चालन भयो त्यसपछि फेरी उनी एमालेकै शरणमा पुगेर एमाले सहितको सरकार सञ्चालन गर्न बाध्य भए ।

कांग्रेस, एमाले संघीय संसदमा पहिलो

>>> बाँकी ८ पेजमा

# भारतको जनसंख्या बृद्धिको लागि मुस्लिमहरूलाई दोष दिनु विशुद्ध हिन्दुत्वको प्रचार हो ?

रमेश कार्की

श्वेता बिष्टको निधार पसिनाले भिजेको छ र अनुहार बेचैन छ । दाँत र गहिरो सास लिएर, उनी अहिले घण्टौंदेखि प्रसुतिमा छिन् । उनको छोरी जुनसुकै बेला संसारमा आउन सक्छ किनभने उनी त्यो पहिलो रोएको पर्खाइमा छिन्, उसले नौ महिनादेखि आकांक्षा गरिरहेकी छिन् । बिष्टको नवजात शिशु अहिले विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारतको १.४२५ अर्ब मानिसमध्ये एक हुनेछ । वर्ल्ड पपुलेसन रिभ्यू (डब्लुपिआर)को तथ्याङ्क अनुसार सन् २०२२ को अन्त्यसम्ममा भारतको जनसंख्या १.४१ बिलियन थियो । हालै संयुक्त राष्ट्र संघको तथ्याङ्कका आधारमा भारतमा १,४२५ बिलियन जनसंख्या रहेको छ । अप्रिलमा भारतले चीनलाई उछिनेको राष्ट्रसंघले जनाएको छ । यसले दावी गरेको छ कि भारत पहिले नै माइलस्टोनमा पुगेको हुन सक्छ किनभने संयुक्त राष्ट्रको अनुमान अनुमानित हो र सही तथ्याङ्क होइन । सन् १९५० यता चीनमा विश्वमा सबैभन्दा बढी मानिस रहेको छ । सँगै, चीन र भारत विश्वको ८ बिलियन जनसंख्या मध्ये एक तिहाइ भन्दा बढी बसोबास गर्दछ ।

जनसंख्याको राजनीति

सेप्टेम्बर २०२१ मा, प्यू रिसर्च सेन्टर द्वारा संकलित डाटाले विभाजन पछिको छ दशकमा भारतको जनसंख्या तीन गुणा बढी भएको अनुमान गरेको थियो । जनगणनाको तथ्याङ्क अनुसार यो १९५१ मा ३६१ मिलियन मानिसहरूबाट बढेर २०११ मा १.२ बिलियन भन्दा बढी भयो । संयुक्त राष्ट्रको तथ्याङ्कले भारतले सन् २०२० देखि हरेक महिना करिब १० लाख बासिन्दा प्राप्त गरेको दाबी गरेको छ ।

प्यू डाटाले यो पनि सुझाव दिन्छ कि जब देशभरका धार्मिक समूहहरू १८५१ र २०११ को बीचमा अनियमित दरहरू देखेका थिए, सबै प्रमुख धार्मिक समूहहरूको संख्या बढ्यो । तथ्याङ्कले देखाउँछ कि हिन्दू समुदाय ३० करोड ४० लाखबाट बढेर ९६ करोड ६० लाख पुगेको छ, जबकि मुस्लिम ३ करोड ५० लाखबाट बढेर १७ करोड २० लाख पुगेको छ, र आफूलाई क्रिस्चियन भनाउने भारतीयहरूको संख्या ८० लाखबाट बढेर २८ करोड पुगेको छ" । तीनलाई विचार गर्दा इस्लाम र क्रिस्चियन धर्मले धर्म परिवर्तन गरिरहेका छन् ।

यद्यपि, हिन्दू सेना प्रमुख सुशील तिवारीले द वायरलाई भने कि मुस्लिमहरूले जग्गा कब्जा गर्न र धेरै बच्चाहरू उत्पादन गर्न खोजिरहेका छन् ताकि उनीहरूले मुस्लिम नेताहरूलाई सत्तामा चुन्न सकून् । 'मुसलमानहरूले धेरै पटक विवाह गर्छन् र बच्चाहरू जन्माउँछन् जसले त्यसपछि असदुद्दीने ओवैसी जस्ता नेताहरूलाई सत्तामा ल्याउन मतदान गर्छन् । तिनीहरू 'जनसंख्या जिहाद' गर्न चाहन्छन् र यहाँ गजवा-ए-हिन्द स्थापना गर्न चाहन्छन्,' उनले भने ।

तिवारीको विरोध गर्दै, अल्पसंख्यक आयोगका पूर्व अध्यक्ष डा. जफरूल इस्लाम खानले राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) र समान विचारधाराका संगठनहरूलाई तथ्यको बारेमा चिन्ता नरहेको बताए । तिनीहरूको नीति, खान भन्छन्, यदि मुस्लिमहरूलाई हराउन प्रयोग गर्न सकिन्छ भने कुनै पनि कुरालाई मोड्ने हो ।'उदाहरणका लागि, सरकारी तथ्याङ्कले देखाउँछ कि मुस्लिमहरू हिन्दूभन्दा पनि तल छन् जब बहुविवाहको कुरा आउँछ तर यो दैनिक हिन्दुत्व प्रचारको दिनचर्या हो कि मुस्लिमहरूले चार पत्नीहरू विवाह गर्छन् र दछ बच्चा जन्माउँछन्,' खानले भने ।

मुस्लिम र मिथकहरू

दक्षिणपन्थी राजनीतिक भाषामा, मुस्लिमहरूलाई एक समुदायको रूपमा लेबल गरिएको छ जुन आफ्नो जनसंख्या संख्या दोब्बर गर्न र अवैध रूपमा भूमि कब्जा गर्न समर्पित छ । त्यस्ता आरोपहरूले भारतमा बहुसंख्यक समुदाय बन्ने मुस्लिमहरूद्वारा एक प्रकारको समन्वित प्रयासलाई संकेत गर्दै 'जनसंख्या जिहाद' जस्ता शब्दहरू र शब्दहरूको सिक्काको परिणाम भएको छ । २०११ मा गरिएको भारतको पछिल्लो जनगणना अनुसार मुस्लिमहरू जनसंख्याको १४ प्रतिशत छन्, जबकि हिन्दुहरू ८० प्रतिशत छन् । असममा, मुख्यमन्त्री हिमन्त विश्व शर्माले दुई बच्चाको नियम अनिवार्य गर्ने समान योजना प्रस्ताव गरे । योजनाको घोषणा गर्दा, उनले यो पनि भने कि जनसंख्या वृद्धिसँग सम्झौता गर्न यस्तो योजना राज्यका मुस्लिमहरू बीच गरीबी र निरक्षरता उन्मूलन गर्ने एकमात्र उपाय" थियो । भाजपाका नेताहरूले कर्नाटक, मध्य प्रदेश र उत्तराखण्ड जस्ता भाजपाका अन्य राज्यहरूमा पनि यस्तो 'जनसंख्या नियन्त्रण' नीतिहरूलाई प्रोत्साहित गरेका छन् । २०१५ मा, उत्तर प्रदेशका भाजपा लोकसभा सदस्य, साक्षी महाराजले हिन्दू महिलाहरूलाई हिन्दू धर्मको रक्षा गर्न कम्तिमा चार बच्चा जन्माउन आग्रह गरेका थिए । बीजेपी द्वारा उत्तेजित त्यस्ता मुस्लिम विरोधी कथाहरू स्वास्थ्य र परिवार कल्याण तथ्याङ्कहरूमा



आफ्नो २०१९ रिपोर्टमा बनाइएको भारत सरकारको आफ्नै अनुमानहरू विरूद्ध जान्छ, जसले २००५ र २०३० मा अनुमानित प्रजनन दरलाई 'प्रतिस्थापन स्तर' भन्दा तल झर्छ - एक बिन्दु । जहाँ जनसंख्या स्थिर हुन्छ । यो भारतमा इस्लाम र परिवार नियोजन वरपरको यो बयान हो, जुन एसवाइ कुरैशी, एक पूर्व भारतीय निजामती कर्मचारी, आफ्नो भर्खरको पुस्तक द पा'पुलेशन मिथमा भत्काएका छन् । द वायरसँग कुरा गर्दै कुरैशीले भारतमा मुस्लिम जनसत्त्याको बारेमा धेरै मिथकहरू फैलाइएको बताए जसले मुस्लिमहरू विरूद्ध हिन्दूहरूमा डर र शत्रुता पैदा गरिरहेको छ । आफ्नो कुरा प्रस्ट पार्न तथ्यहरू प्रयोग गर्दै, उनी थप्छन् कि १९५१ र २०११ को जनगणनाको बीचमा, मुस्लिम जनसंख्यामा १३६ मिलियन र हिन्दूहरूको संख्या६७६ मिलियन थियो । यसरी, जनसंख्या विस्फोट मा ठूलो योगदान हिन्दूहरूबाट आयो - मुस्लिम भन्दा पाँच गुणा बढी । कुरैशीले हिन्दूहरूको तुलनामा भारतीय मुस्लिमहरूको प्रजनन दर उच्च रहेको सुझाव दिंदा, उनी भन्छन्, "यो धर्मको कारणले होइन तर मुस्लिमहरू प्रायः गरिब, कम शिक्षित र स्वास्थ्य सेवाहरूमा पहुँच नभएका कारणले हो । भारतमा मुस्लिम प्रजनन दर पनि अहिले हिन्दू दरको तुलनामा तीव्र रूपमा घटिरहेको छ ।"मुस्लिम र हिन्दू जनसंख्या बीचको खाडल २७० मिलियन बाट ८१० मिलियन सम्म बढ्यो । यसले देखाउँछ कि मुस्लिमले हिन्दूहरूलाई उछिनेको प्रचार बेतुका छ, " उनले भने ।

जनसंख्या र नीतिहरूको समस्या

'भारतले कम वृद्धि दर रेकर्ड गरिरहेको छ, र यसको कुल प्रजनन दर घट्दै गएको भए पनि, भारतको जनसंख्या अझै बढिरहेको छ', पूनम मुत्रेजा, कार्यकारी निर्देशक, भारत जनसंख्या प्रतिष्ठान बताउँछिन् ।

चीनको जनसंख्याको बारेमा कुरा गर्दै, मुत्रेजाले द वायरलाई भने कि देशले २०२२ मा पहिलो पटक नकारात्मक वृद्धि रिपोर्ट गरेको छ, गत वर्षको तुलनामा ८५०, ००० कम जनसंख्या भएको छ । उनी भन्छिन्, भारतले प्रतिस्थापन-स्तरको प्रजनन क्षमता हासिल गरेको छ, तर यसको समग्र जनसंख्याको आकार तुरून्तै घट्ने छैन । सन् २०११ को जनगणना अनुसार १० देखि २४ वर्ष उमेर समूहका करिब ३६ करोड ५० लाख युवा जनसत्त्या भएकाले भारतले जनसत्त्याको गतिको अनुभव गरिरहेको छ ।

मुत्रेजाले यो पनि विश्वास गर्छन् कि ठूलो जनसंख्या भनेको जमिन, पानी, खाना र ऊर्जा जस्ता स्रोतहरूमा बढी दबाब हुन्छ । भारतको पूर्वाधार, जस्तै यातायात, आवास, र स्वास्थ्य सेवा, शिक्षा, धेरै सुधार भएको छ तर थप सुधार आवश्यक छ र बढ्दो जनसंख्याको साथ राख्न सक्षम नहुन सक्छ । भारतमा गरिबी प्रमुख चुनौती रहेको भन्दै उनी बढ्दो जनसंख्याले बेरोजगारी, शिक्षा र स्वास्थ्य सेवामा अपर्याप्त पहुँच र सामाजिक असमानता निम्त्याउन सक्ने बताइन् । बढ्दो जनसंख्याको आडमा, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा बीजेपीका नेताहरूले जनसंख्या नियन्त्रण विधेयकको मस्यौदा प्रस्ताव गरेका छन् जसले प्रति दम्पती दुई बच्चालाई अनिवार्य गर्ने उपायहरूलाई वैधानिक बनाउन खोज्छ । मस्यौदा विधेयकले विज्ञहरू र समाजबाट ठूलो आलोचना ल्यायो र जनसांख्यिकीय परिवर्तनद्वारा प्रभुत्व स्थापित गरेर देशको जनसंख्या ग्राफलाई उल्टाउने षड्यन्त्रमा संलग्न भएको रूपमा मुस्लिम समुदायको रूपमा कलंकित भएका मुस्लिमहरूमाथि आक्रमणको रूपमा हेरिएको थियो ।

मुत्रेजाका अनुसार जनसंख्या नियन्त्रण विधेयकमा दुईभन्दा बढी सन्तान भएमा राज्यको सुविधाबाट वञ्चित गर्ने जस्ता कडा उपायहरू छन् । उनले थपिन् कि त्यस्ता कडा कदमहरू भारतको लागि कुनै सान्दर्भिक छैन किनभने भारतले जनसंख्यालाई 'नियन्त्रण' गर्न त्यस्ता उपायहरूको माग गर्ने आवाजलाई कहिल्यै स्वीकार गरेको छैन । भारत एक लोकतन्त्र हो, एक देश जहाँ मानिसहरू वाक् र कार्यको स्वतन्त्रता चाहन्छन् ।

देशमा जनसंख्या नियन्त्रणको विगतको स्मरण गर्दै, मुत्रेजाले १९७५ को आपतकालीन अवधिको स्मरण गर्दै भने, 'आपतकालको छोटो अवधिको लागि, भारतले जबरजस्ती नसबंदी जस्ता चरम उपायहरूको सहारा लियो । यसले जनतालाई खासै राम्रोसँग नलागेको र परिवार नियोजन कार्यक्रमलाई असर गरेको छ ।'

# The underlying constants of Afghan crisis

**Inam Ul Haque**

Afghanistan remains one of the most widely covered crises of modern times. True to 21st-century fad, there is a mushrooming army of so-called 'Afghan experts'. These experts — to quote former Afghan cabinet minister Mohammed Ehsan Zai — "read 'The Kite Runner' on [the] plane and believe they are [an] expert on Afghanistan." There are desk officers with no ground experience who cobble together books from hearsay and claim greatness. These tenure-based bureaucrats tend to make faulty assumptions. There are military veterans with limited/sectoral exposure, who end up creating personality cults. Then there are freelance writers who tend to become outright racist and bigoted in their description of Afghans and Afghanistan.

It is strongly felt that in the absence of a multidisciplinary approach, cutting across political science/economy, international relations, sociology, and anthropology… for example; such analyses risk becoming personal experiences with limited universal applicability. Sociology strongly rebuffs sweeping generalisations about people and countries. Unless backed by rigorous analysis, academic adroitness, and fieldwork; Afghans and Afghanistan would remain an enigma. The following Op-Eds continue my earlier work on Afghanistan and aim at distilling some 'constants' gleaned from some three centuries of Afghan history. These have helped shape attitudes and policy formulation in Afghanistan and are by no means exhaustive.

First, the nature of the Afghan monarchy. Unlike the contemporary monarchies, the Durrani monarchy created by Ahmed Shah Baba around 1747 was a 'tribal confederation' with the king deriving power from the tribes, and not the other way round. This shaped subsequent Afghan approaches towards authority and governance.

Second, and following from the above; modern state formation in Afghanistan has, therefore, remained a failed exercise, whether under the erstwhile farangi , later Shoravi (Russian) or modern Amreeki tutelage. Afghan political culture abhors a strong centre, especially if it is imposed. Third, Afghans (the term by extension covers Pashtun tribes on both sides of the Durand Line) are almost entirely Muslim, converted en-bloc around the times of the pious caliphs. They did so, as they find no major deviations in Pukhtunwali/Pashtunwali — the operative code covering everyday life — and the teachings of Islam. Both reinforce each other in major areas. All Pathan tribes are Sunni except the Bangash tribe west of Kohat and Turi tribes in Parachinar, Pakistan. The latter are actually Turkic. Interestingly, the Taliban worldview of Islam is essentially the rural Pashtun worldview... although interaction with the wider world, as refugees, has introduced reform and changes in this outlook.

Fourth, paradoxically if ever there is a conflict between code (riwaj) and Islam, Pukhtunwali would prevail. Literature aplenty to substantiate that major decrees of the Peoples' Democratic Party of Afghanistan (PDPA) — during the 1979 Saur Revolution — were reinforcing Islamic teachings; yet the society revolted. The white-bearded elderly cadre (spin-geeree masharan) scoffed at the clean-shaven, Moscow-educated young communists, who asked them to change the social status quo. They fumed at these young zealots telling them how to live. Sixth, despite inter and intra-tribe differences and conflicts, all Afghans (including the non-Pashtuns) subscribe to a unique sense of nationhood. This is the binding glue, preventing any touted division of Afghanistan along ethnic lines. Seventh, like all tribal societies, Afghanistan has an inherent conflict resolution mechanism in the form of the jirga. This mechanism works effectively in the absence of foreign interlocutors, with no Afghan faction looking over the shoulder. Repeated interference has battered this system, hence the prolonged conflict and instability.

Eight, under the tenets of Pukhtunwali, khegara/shegara (doing favour/good to others) occupies a central place. But the favour has to be returned in order to re-establish the social equilibrium that is disturbed when an Afghan receives a favour. Having done so, the Afghan feels being on an equal footing, unencumbered by complexes. The Afghan does not feel to be perpetually indebted. Pakistan's hope of Afghanistan remaining grateful to us in eternity is, therefore, a misplaced over-expectation, based on lack of sociological understanding.


Ninth, following on from the above postulation, it is instructive to sometimes listen to the Afghans about our continued harping on hosting Afghan refugees and Pakistan's help in the Jihad since the Soviet times. They reckon, Afghans fought Pakistan's battle, as, without Afghanistan, the Soviet Bear would be sunbathing on the beaches of Karachi. And for refugees — they cite — it was Pakistan's religious obligation to provide refuge in line with our lofty claims of Muslim solidarity.

Lastly, massive migration and continued life under different social underpinnings have changed Afghan society marginally. The newer power elite have emerged, as during my fieldwork in a refugee camp in the 1980s; 'ration malik' was the emerging power elite, responsible for the camp's ration distribution. Afghans have otherwise tried to jealously guard their traditions. Dead bodies are still sent back as far as possible and there are negligible inter-marriages with locals.

The continued conflict has exacted a deadly cost in human and material terms from Afghanistan, yet to be accounted for. The hapless, ragtag but determined Afghans have forced two superpowers in our lifetime to bite the dust. Faith and commitment were central to their success, besides other reasons. The Afghans deserve empathy in the world, not disdain or racial-profiling.

Moulvi Abdul Ghani Baradar standing next to Mike Pompeo is an epoch in the making. Afghan Baqi, Kuhsar Baqi. Alhamdo-Lillah, Alhamdo-Lillah [Afghans and their mountains would keep standing, praise to Allah].

# सुशासन स्यालको सिङ्को कथाजस्तो भयो



• राजन कार्की
rajan2012karki@yahoo.com

०४६ सालको परिवर्तनदेखि हालसम्मको शासनमा कानुनव्यवस्थामाथि खेलाँची गरेरै बितेको छ । १७ वर्ष लोकतन्त्रको नाममा नेतातन्त्र, १७ वर्ष बिधिको नाममा भ्रष्टतन्त्र चलिरहेको छ । सुशासन स्यालको सिङ्जस्तो भयो ।

हामीले हाइटी सोमालियाको कहालीलाग्दो कथा सुनेका छौं । नेपाल त्यही कहालीलाग्दो दृष्टान्त बन्नपुगेको छ । बहुदलकालमा जसको शासन थियो, लोकतन्त्रको कालमा पनि तिनकै शासन छ । तिनलाई किन असफल भइयो, जनताको सम्मान आर्ज सकिएन भन्ने विषयमा कुनै लज्जावोध देखिदैन ।

०४६ साल अघि कानुनीराजको चाहनाले आन्दोलन भयो र परिवर्तन आयो । तर कानुन व्यवस्था ठिक हुनसकेन । ०६३ को कालखण्डमा पनि बिधिको शासनकै जनचाहना थियो, त्यसपछिको समयमा पनि कुशासन नै देखियो । इतिहासका अनुसार सन १८०० मा नेपालियन कोड नेपोलियन बोनापार्टले जारी गरेका थिए । यही कानुन पहिलो लिखित कानुन मानियो । त्योभन्दा पनि ४ सय २१ वर्ष पहिले नै अर्थात सन १३७९, बि.सं. १४३६ मा नै राजा जयस्थिति मल्लले नेवारी र संस्कृत भाषामा न्यायविकासिनी कानुन लिपिवद्ध गरिसकेको पत्ता लाग्यो । यस्तो देशमा आज कानुन राजनीतिक खेलौना हुनपुग्यो । लोकतन्त्र भाङ्ग्राको टोपीलाई गुहेलाको फुल बन्यो । संविधान र कानुनी राजका नाममा अराजकता फैलिएको छ ।

नेपालको अर्को नाम पैसा भएपछि जे पनि गर्न गराउन सकिने अराजक देशको नामले बदनाम भइसकेको छ । यसकारण जनतामा आक्रोश बढेको छ ।

संक्रमणकालीन न्याय सम्पादन हुनसकेन । जनयुद्धका ६४ हजारभन्दा बढी उजुरी छन् भने अदालतमा लाखभन्दा बढी मुद्दा । काँडाले घोचेजस्ता, सिस्नोले पोलेजस्ता मुद्दा ०४६ साल, ०६३ साल, मधेस आन्दोलनका बेलाका शहीदका पनि छन्, विभेदका कारण शहीद घोषणा हुन नसकेकाहरूको पनि छन् । २०७२ साल भदौ ७ गते नावालक बच्चासहित ७ प्रहरीको नृशंस हत्याका मुद्दा र मुद्दाका दोषी रेशम चौधरीले चुनाव जितेको र शपथग्रहण गराउने कि नगराउने भन्ने देखि उनलाई विधिको शासन भन्नेहरूले नै माफी दिएको प्रश्न पनि छ । हरेक वर्ष हत्या, हिंसा, बालबृद्धाको बलात्कारका समस्या कहालीलाग्दो छ । यी कानुनले ती सबै समस्या संवोधन गर्न सकेन । अन्तिम आशामा रहेको अदालतको हालतमा पनि अस्तव्यस्त नै देखिन्छ । अदालत पार्टीको भातृसंगठन त होइन भन्ने प्रश्न पनि गर्ने गरिन्छ । किनकि असमानता र निरंकुशताको, बिखण्डन र समाजविरोधी तत्वको अन्त्य हुनुपर्थ्यो, प्रजातन्त्रमै ग्रहण पो लाग्यो । लोकतन्त्र निरंकूशतन्त्र बन्यो ।

नेपाली नेताहरू विदेशभक्त बढी भए । स्वदेश र स्वराजको बदनाम गरेर बिदेश भक्त बन्नु नेपाली नेताको पुरानै रोग हो । यो झन बल्झेको छ । साँच्चै भन्ने हो भने हरेक नेता, कर्मचारीको सम्पत्तिको स्रोत खोज्नुपर्ने बेला आइसक्यो । संविधान बनाउनका लागि बनेका सांसदहरू कस्ता थिए भने राजेन्द्र महतोकी श्रीमती शैलकुमारी,राजकिशोर यादवकी श्रीमती सरिता कुमारी, अनिल झाकी श्रीमती डिम्पल झा, नेताकी प्रेमिका निर्जला राउतमात्र होइन, महन्थ ठाकुरले त छोरीकी सासू सम्धिनीलाई सांसद पद नै दाइजोमा दिएका थिए । अहिले समानुपातिकमा भ्रष्ट चरित्र देखाएर सांसद बनेकी कांग्रेस सभापति पत्नी आरजु देउवा परराष्ट्र मन्त्री बन्न पुगेकी छिन् । १७ वर्षमा स्वार्थको मनोवृत्तिमा कुनै फरक आएन ।

बिधि हात्तीको देखाउने दाँत बन्यो ।

बिधि र लोकतन्त्रका नाममा समाजदेखि सर्वोच्च अदालत, संसदको खाजासमेत एनजीओ, आइएनजीओले ख्वाइरहेको छ । लोकतन्त्र विदेशीको हैकममा पुग्यो । सरकार बनाउन, टिकाउन विदेशी गुहार्ने चलन छँदैछ । सांसद किनबेच गरे, किनबेचका लागि भारतदेखि चीनसम्म पैसा माँग्नसमेत गए । बिधि बलियो भएको भए भारतको झारखण्डमा सांसद खरिद गर्दा त्यतिबेला पीभी नरसिंह राव जेल परेका थिए, बोफोर्समा राजीव गान्धी र चारा घाटाला काण्डमा लालु यादव जेलको चक्की पिस्न पुगे । कांग्रेसलगायतका पार्टीहरूले बिधिलाई बदनाम गर्ने गरेर दलालीतन्त्र चलाइरहेका छन् ।

> नेपाली नेताहरू विदेशभक्त बढी भए। स्वदेश र स्वराजको बदनाम गरेर बिदेश भक्त बन्नु नेपाली नेताको पुरानै रोग हो। यो झन बल्झेको छ। साँच्चै भन्ने हो भने हरेक नेता, कर्मचारीको सम्पत्तिको स्रोत खोज्नुपर्ने बेला आइसक्यो।

राजनीति राष्ट्रघात गर्न उत्साहित छ । यस्तो चरित्र बोकेको राजनीति राष्ट्रवाद बचाउन सक्दैन । आफूमाथि कुनै खतरा नहोस् भनेर भारतले लिपुलेक, लिम्पियाधुरा, कालापानी आफ्नो नक्सामा मिलाइसक्दा पनि भूगोल खोज्न कुनै नेता तैयार छैनन् । यी लेण्डुपेजस्ता लाग्छन् । लेण्डुप सधैं निन्दनीय छन् । नेपालमा लेण्डुपेहरूको नयाँ नयाँ संस्करण जन्मन थालेका छन् ।

राजनीति स्वच्छ हुनुपर्थ्यो । नियत सफा देखिनुपर्थ्यो । नेपालको राजनीतिले सिकाएको शिक्षा नै बेइमानी हो । यहीकारण पानी मन पर्छ बचाउँदैनन्, खाना मन पर्छ, खेती गर्दैनन् । दूध मन पर्छ गाई पाल्दैनन्, शीतल खोज्छन्, रूख रोप्दैनन् । राम्री बुहारी खोज्छन्, छोरी भए गर्भपतन गराउँछन् । बोत्स्वाना हीराको व्यापारमा नम्बर वान हो । नेपाल पानी र पर्यटनमा नम्बर वान हुनसक्छ, बुझ्दैनन् । सबैलाई इजी मनी र सिधै सत्ता चाहिएको छ । सम्पत्ति त राज्यकोष, राज्य सम्पत्ति बेचेर पनि कमाउँछन्, दलाललाई दलाली नै प्यारो । दलाललाई लोकतन्त्र देखाउनका लागिमात्र चाहिएको हो ।

इतिहास साक्षी छ, १९६९ मा सुरक्षा परीषदमा चुनाव लडेर निर्वाचित भएको नेपाल, जसले त्यतिबेला जापानलाई हरायो । चीन सदस्य नै थिएन । १९८८ मा एसियाले साथ दियो, फेरि नेपालले जित्यो । त्यसपछि नेपालको कहाँ छ ? भ्रष्ट नेता भएको धनी देश हो नेपाल । जो माँगेर छाक टार्छ, विकासको पाइला सार्छ । १७ वर्ष अघिसम्म नेपाल के भन्छ भनेर विश्वका कान ठाडा हुन्थे, आज नेपाल दिल्लीमै अपमानित हुन्छ, बाँकी विश्वको के कुरा गर्नु र ? नेपाललाई यसरी रसातल पुऱ्याउनाले ल्याएको संविधान यिनकै लागि भार हुनथालेको छ ।

सुधारिएर बाल्मिकी बन्लान भनेको, सुधारिएनन् । रत्नाकर बाल्मिकी बनेको संस्कृति छ, संस्कारित बन्न कोही तैयार छैन । भुल हुन्छ, सुधार्न कोही तैयार छैनन् । सबै मैमत्ता न कलकत्ता भएका छन् । दम्भले झम्मै पारिसक्यो । मकवानपुरमा अग्नि एयरको नोज डाइभ र असक्षमताको मैदानमा लोकनेताहरूको टाउको टेकाई उस्तै भएन र ? यसकारण प्रश्न उठ्यो- राजनीतिक अन्धबेगले सोमालिया बनाउने भयो । वर्तमान नेपालको अन्याय र अराजकता सामालियाभन्दा कम छैन ।

१९७५ मा भारतले लेण्डुप दोर्जीको प्रयोग गरेर सिक्किम खाइदियो । लेण्डुपका ३२ मध्ये ३१ सांसदले संसदबाटै भारतमा बिलयन हुने प्रस्ताव पारित गरेका थिए । त्यसपछि लेण्डुप बाँचुन्जेल जनताले उनलाई देख्यो कि थु थु गर्थे, उनी मर्दा मलामीसम्म पाएनन् । कुनै बेला मैसुर राज्यका गद्धार शेख हयास, मीर खानहरू थिए, नेपालमा नेताहरूको रूपमा तिनको पुनर्जन्म त भएन ?

इतिहास शिक्षा पनि हो । बेलायतको इतिहासमा मान्छे काटेर सिंहासनमा बस्ने राजा रिचार्ड तेस्रो थिए । युध्दमैदान जाँदा एकदिन उनी शत्रुको घेरामा परे । उनले रणभूमिमा भनेका थिए- म हजारौं बिरोधीबाट हार खान्न । मेरा सेनाको शक्ति पनि कमजोर छैन । तर कुन गद्धारले गर्दा म घेरामा परें । म मारिनु पर्ने स्थिति छ, तैपनि मलाई एउटा घोडा चाहिएको छ । म त्यो गद्धारको खोजी गर्छु । म त्यो घोडा चढेर गद्धार खोज्न जान्छु । त्यसलाई सिध्याउँछु । गद्धारलाई मार्ने अवसर देउ, त्यसपछि मलाई टुक्रा टुक्रा पार, म ऐया पनि भन्नेछैन । यस्ता देशभक्त एकजना पनि छैनन् नेपाली राजनीतिमा । सबै गद्दारीको नसामा मदमत्त छन् ।

राजनीति र प्रशासनमा गद्धारहरूको बिगबिगी छ । देश युवा बेच्ने, युवा रगत बेच्ने, देशको भविष्य बेचेको रेमिटान्सले संघीय लोकतन्त्र चलाउने । राष्ट्रमा अराजकता छ, अनीति छ, अनुशासन छैन, मनपरीमात्र छ । हामी असफल राष्ट्रका जनता बन्दैछौं । अव जनताले, नागरिक समाज र बुद्धिजीवीहरूले गद्धारीपन जहाँजहाँ छ, त्यसको भण्डाफोर गर्नुपर्छ । सिनो राजनीति र मुर्दा अर्थनीतिको सुधार गर्न कडिकडाउ निर्णय लिने वीर त जन्मनैपर्छ । अन्यथा शेक्सपियरको एक कथामा सिजरलाई जसरी उनकै विश्वासपात्र ब्रुटसले धोका दिएर मारे । सिजरले ब्रुटस तिमी पनि.... भनेर प्राण त्याग गर्नुपऱ्यो, त्यसैगरी गद्धारहरूले नेपाललाई चिहान बनाउने छन् । नेपाल चिहानभन्दा कम छेन ।

यति ठूलो परिवर्तन गर्ने अगुवा जनयुद्ध र जनआन्दोलनका नायकहरू नासूर बने । ऋगबेदका ऋचाका पवित्र श्लोकहरू गुन्जियोस् भन्ने थियो, राष्ट्र विकासशील बन्दियोस् भन्ने थियो, मंगलसेनहरूको जगजगीले तुहियो । भृकुटी, बलबाहुको देश बाहुबलीको चङ्गुलमा फस्यो । मार्क्स, लेनिनका सालिक पनि कम्युनिष्टका सम्भ्रान्त जीवन देखेर लजाएका होलान् । यी नेतालाई अलिकति पनि लज्जावोध हुन्न, यी कस्ता पात्र हुन् । दया लागेर आउँछ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

# अभियान

साप्ताहिक

## सम्पादकीय

## हामी ४२ औं वर्षमा प्रवेश

*नेपाली पत्रकारिता जगतमा केही सहयोग पुऱ्याउने प्रमुख उद्देश्य राखेर यस साप्ताहिक पत्रिकाको पहिलो अंक २०४० साल श्रावणमा प्रकाशित भएको थियो। यस साप्ताहिक पत्रिकाको नाम रन्को साप्ताहिक राखिएकोमा विविध कारणले गर्दा रन्को साप्ताहिकबाट २०४७ सालमा नाम परिवर्तन गरी अहिले अभियान साप्ताहिक नामबाट पत्रिका प्रकाशित भइरहेको व्यहोरा जानकारी गराउन पाउँदा हामीलाई हर्ष लागेको छ। निश्चय पनि पत्रकारिता सजिलो विषय होइन। त्यसमा पनि स्वतन्त्र पत्रकारिता गर्न' हाम्रो परिवेशमा निकै कठीन कार्य मानिन्छ। पत्रकारिता गरेको र समाचार लेखेवापत नै हाम्रा धेरै मित्रहरूले ज्यान गुमाइसकेका छन्। राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसंगतिकै कारण पत्रकारहरू असुरक्षित हुँदै गएका छन्। राजनैतिक दलहरूको स्वार्थ अनुकूलका समाचारहरू प्रकाशित नगरिएकै कारण डेकेन्द्रराज थापा, प्रकाश ठकुरी, वीरेन्द्र शाह, उमा सिंह, शिव पौडेल यादव पौडेले, प्रेम गुप्तालगायतका अन्य धेरै पत्रकारहरूको हत्या भएको थियो। पत्रकार नै सुरक्षित नभएपछि सर्वसधारण नागरिकहरूको हालत कस्तो होला सहजै अनुमान गर्न सकिन्छ। विगतको पुष्पकमल दाहाल सरकारबाट सञ्चार जगत्ले ठुलो आशा एवं विश्वास गरेका भएपनि सरकारले सञ्चार क्षेत्रमाथि पटक पटक प्रहार गर्दै आर्थिक नाकाबन्दी लगाउने प्रयास गरिरहेको छ। त्यसको हामी घोर भर्त्सना र विरोध गर्दछौँ। कोरोना भाइरसका कारण पत्रकारीता क्षेत्रले ठुलो दुखकष्ट सहनु परेको थियो भने हाम्रा कयैन मित्रहरूले ज्यान समेत गुमाएका छन्। त्यसरी ज्यान गुमाउनु भएका पत्रकार मित्रहरू र कोरोना भाइरसकै कारण ज्यान गुमाएका जनता प्रति हार्दिक श्रद्धान्जली अर्पण गदै संक्रमितहरूको सिघ्रस्वास्थ्य लाभको कामना गर्दछौँ।*

*मुलुकमा राजनैतिक परिवर्तन भएपछि मुलुकवासीले निकै ठूलो आशा र भरोसा गरेका थिए। पत्रकारिता क्षेत्रमा लाग्ने व्यक्तिहरूले समेत अब पत्रकारिता क्षेत्रमा सुधार आउने आशा गरेको भएपनि सम्पूर्ण नेपाली जनताको आशा र विश्वासमाथि राजनैतिक दलहरूले बज्र प्रहार गरे, त्यसै अनुरुप पत्रकारिता क्षेत्रमासमेत बज्र प्रहार भयो । राजनीतिक दलका पछाडि दौडने पत्रकारबाहेक स्वतन्त्र पत्रकारिता गर्ने व्यक्तिहरूलाई राज्यले वेवास्ता गऱ्यो, अर्थात् उनीहरूलाई राज्यले सौतेनी व्यवहार गरेर उनीहरूलाई सेवा र सुविधाबाट बञ्चित गरायो। तर त्यति हुँदाहुँदै पनि पत्रकारितामा लागेको व्यक्तिहरूले हिम्मत हारेनन् र आफ्नो पत्रकारितालाई नै आदर्श मान्दै अगाडि बढेका छन्। यसै क्रममा यस अभियान साप्ताहिकले समेत अनेक प्रकारका दुःख कष्ट सहनु परेको छ। राज्यबाट प्रदान गरिने विज्ञापन लगायतका अन्य सुविधाहरू विभिन्न बहाना गररे बञ्चित गर्ने गरिएको भए पनि आदरणीय पाठक, शभु चिन्तकहरूको मायाले गर्दा हामी ४१ औं वर्ष पुरा गरी ४२ औं वर्षमा प्रवेश गर्न सफल भएका छौं। यस साप्ताहिक पत्रिकालाई यहाँसम्म पुऱ्याउन सहयोग र सद्भाव राख्ने सम्पूर्ण आदरणीय पाठक, विज्ञापनदाता तथा शभु चिन्तकहरूलाई हामी धन्यवाद दिन चहान्छौं।*

*आदरणीय पाठकवृन्द नेपालमा पत्रकारिता गर्न' जोखिमपूर्ण कार्य हो। थोरै समयमा धेरै पत्रकार मित्रहरूको हत्या भएको छ। केहीलाई वेपत्ता पारिएको छ, यस्तो अवस्था विद्यमान रहँदा पनि सरकार भने पत्रकारहरूको सुरक्षा गर्न असफल साबित भएको छ। सरकारको बोली र व्यवहारमा भिन्नता पाइएको छ। राजनैतिक दलका कार्यकर्ता मारिएमा तत्कालै उनीहरूलाई राहत प्रदान गरिने भएपनि अन्य पत्रकारहरूलाई त्यस्तो राहत प्रदान गरिएको छैन। पार्टीगत स्वार्थका लागि राजनैतिक दलका कार्यकर्ताहिरूबाटै पत्रकारहरूको हत्या, कुटपिट हुनु र अपहरण गरिनु निश्चय पनि राजनैतिक दलका लागि सुहाउँदो विषय होइन। राजनैतिक दलका पिछलग्गु नभएको खण्डमा स्वतन्त्र रुपमा रहेर पत्रकारिता गर्न' निश्चय पनि यहाँ पहाड फुटाउनु सरह भएको हामीले महसुस गरेका छौं। राज्यको चौथो अंग मानिने पत्रकारिता जगतको त सुरक्षा दिन सरकार असफल छ भने त्यस्तो सरकारले आफ्ना जनताको सुरक्षा कसरी गर्न सक्छ ? यो आफैंमा उब्जिएको प्रमुख प्रश्न हो भन्ने हामीले ठानेका छौं। पछिल्लो समयमा नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री बनेका छन्। प्रधानमन्त्री ओलीको कार्यकालमा नेपाली पत्रकारिताको लागि केही आशा र भरोसा सञ्चारकर्मीहरूमा जागेको छ। यो आशा र भरोसालाई प्रधानमन्त्री ओलीबाट पूर्ण सहयोग र समर्थन गर्न सक्ने विश्वास नेपाली सञ्चारकर्मीले लिएका छन्।*

*अन्त्यमा, आजका मितिसम्म यस साप्ताहिक पत्रिकालाई यहाँसम्म ल्याउन सहयागे गर्ने सम्पूर्ण आदरणीय जनसमुदायलाई हार्दिक धन्यवाद दिंदै हाम्रा विज्ञापनदाता, शुभचिन्तक, पाठक, विक्रेतालगायत सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हामी विनम्र अनुरोध गर्न चहान्छौं अबका दिनमा समेत यस साप्ताहिक पत्रिकाले स्वतन्त्र पत्रकारिताको भूमिका निवार्ह गर्ने कार्यलाई अगाडि बढाउने छ, पितपत्रकारितालाई कहिल्यै बढावा दिने छनै भने कुरामा हामी तपाईंहरूलाई विश्वास दिलाउँदै आउँदा दिनसम्ममा समेत तपाईंहरूको सक्रिय सहयोग र समर्थन रहने आशा गर्दै हामी ४२ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका लागि हामी सँधै प्रतिवद्ध रहने विश्वास तपाईहरूलाई दिलाउन चाहान्छौँ।*

# संविधान संशोधनको मार्गचित्र

**विनोदमोहन आचार्य**

नयाँ संविधान बनेयता मुलुकमा दुई पटक आम निर्वाचन भयो तर कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत ल्याउन सकेनन् । फलतः संघ र प्रदेश दुवै तहमा संसद् त्रिशंकु प्रकृतिको हुन पुग्यो । दुवै पटकको निर्वाचनयता सरकारका लागि पटक-पटक समीकरण बन्ने, भत्किने शृत्त्लाबद्ध परिघटना भए, जसका कारण मुलुक अस्थिर राजनीतिको भुङ्गोमा फस्न पुग्यो ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको अवसान, दुई ठूला दलको सक्रियतामा बनेको हालैको यो सरकार पनि यसै परिघटनाको शृत्त्लाको एक कडी हो भन्दा अत्युक्ति नहोला ।

छिटो-छिटो समीकरण परिवर्तन हुने यस्ता परिघटनाका पछाडि सायद विभिन्न आयामको भूमिका रहन सक्ला । तर पनि एउटा स्थापित सत्यतथ्य के हो भने यसको प्रमुख कारणमा त्रिशंकु संसद् हुनु पनि एक हो । यसमा धेरथोर जिम्मेवार हामी मतदाता स्वयम् पनि छौं ।

देशमा सिर्जित यस्तो विषम परिस्थितिलाई लिएर विभिन्न कोणबाट टिप्पणी हुने गरेको देखिन्छ । जस्तै- दाहालको नेतृत्वमा ५-६ दलहरूको संवैधानिक तौरमा (गठबन्धन) सरकार हुँदाहुँदै 'तात्तातै खाऔं जल्दै मरौं' भने जस्तै गरी अहिले नै सरकारको अर्को विकल्प किन खोज्नुपरेको होला ! भइरहेको गठबन्धन सरकार बिनाकारण भत्काएर आलोपालो नेतृत्व गर्ने भन्नु नै जालसाजीपूर्ण कार्य हो भनेर पनि केहीले तिखो टिप्पणी गरेको पाइन्छ । अर्काथरी भन्छन्, 'नितान्त दुई फरक राजनीतिक धार तथा फरक-फरक 'मेनिफेस्टो' का यी ठूला दलहरूबीचको गठबन्धन नै अपवित्र हो, अब मुलुकको राजनीति संकट एवम् प्रतिगमनतर्फ धकेलिने भयो, मुलुकमा विकृति र विसंगति बढ्ने भए ।'

तेस्रो धार जो यो नयाँ समीकरणका अनुयायी वा यसका अभियन्ता हुन्, उनीहरूको के तर्क छ भने ६-७ वर्षअघिबाट नै अस्थिर सरकारको चपेटामा फस्ने गरेको हुँदा संविधान संशोधनबिना र ठूला दलहरूसमेतको सहयात्राबिना यथास्थितिमा देशको राजनीति अघि बढ्न सक्ने अवस्था देखिँदैन । त्यसैले अब राष्ट्रिय सरकार गठनका खातिर यो नयाँ समीकरणको आवश्यकता महसुस गरिएको हो ।

विचार सबैको आआफ्नै होलान्, यथार्थमा दाहाल नेतृत्वको सरकार ढल्दैमा धर्ती नै फाट्ने अथवा आकाश खसिहाल्ने होइन । त्यसैले हतोत्साही भइहाल्नुपर्ने पनि केही देखिँदैन । अब दुई ठूला दलसमेतको राष्ट्रिय सरकार गठन भएकाले देशका सबै समस्या जादुगरले 'छु मन्तर कि वाचा' भनेझैं हल भइहाल्ने भयो, देशमा कायापलट हुने भयो भनी दिग्भ्रमित भैहाल्नुपर्ने पनि देखिँदैन ।

प्रसिद्ध विद्वान् थोमस पाइनका शब्दमा 'संविधान राष्ट्रको सम्पत्ति हो न कि सरकारको ।' अहिलेको संविधान नेपालको संवैधानिक इतिहासमा सातौं लिखित दस्तावेज हो, जुन सम्भवतः विश्वकै कान्छो संविधान पनि हो । हाम्रो देशको सन्दर्भमा जनता स्वयंले रोजेका, चुनेका प्रतिनिधिहरू (दोस्रो संविधानसभा) बाट निर्माण गरिएको हुँदा यो संविधानमा सबै नेपालीको स्वामित्वभाव निहित छ ।

यो संविधान जारी गर्दाका बखत मधेशी मोर्चाबाहेकका प्रायः सबै राजनीतिक दलका नेताहरूले एउटै मञ्चमा उभिएर जनतासमक्ष वाचा कबुल गरेका थिए, 'अब हामीहरूबीच कुनै अविश्वास छैन, असमझदारी छैन । यतिखेर हामी विश्वकै उत्कृष्ट संविधान जारी गरेर तपाईंहरूका हातमा सुम्पिँदै छौं । अब हामी मिलीजुलीकन आगामी दिनहरूमा यो संविधान इमानदारीपूर्वक कार्यान्वयन गर्दै अघि बढ्नेछौं ।' तर विडम्बना ! छोटो अवधिमै दलहरू, दलका नेतागणहरूबीच अविश्वास र असमझदारीको कालो बादल यसरी मडारियो कि मुलुक राजनीतिक अस्थिरताको भुमरीमा फस्न पुग्यो । जसका कारण आमनागरिकमा समेत राजनीतिप्रति बिस्तारै असन्तुष्टि बढ्न थाल्यो । राजनीतिक वृत्तले न आफूहरूले विगतमा गरेका वाचाको नै हेक्का राखे, न जनतामा छाएको असन्तुष्टिको गहिराइको मापन गर्नेतर्फ कुनै चासो राखे । अतः आजको यो विषम परिस्थिति पैदा हुनुमा नेपालको राजनीतिक तह पनि कुनै न कुनै रूपमा जिम्मेवार छ ।

संविधान वा शासन पद्धति मात्र असल भएर हुने रहेनछ, नेतृत्व वर्ग वा शासक वर्ग पनि असल हुनुपर्ने रहेछ । यस सन्दर्भमा भारतीय संविधानका पिता भीमराव अम्बेडकर भन्छन्, 'कुनै पनि संविधानको सफलता, असफलता यसको कार्यान्वयन गर्ने व्यक्तिको नियत र इमानदारीमा निर्भर रहन्छ ।' भनिन्छ पनि 'केही छिनका लागि अरू कसैलाई ढाँट्न सकिएला तर आफ्नै आत्मालाई ढाँट्न सकिन्न ।'

हामीले एउटा सुन्दर फूलबारीको कल्पना त गऱ्यौं तर त्यसको मलजल गर्ने, फूलका बिरूवामा सुकेका, मक्किएका डाँठपात वा ऐंजेरू र वनमारा झार काँटछाँट गर्ने योग्य, सक्षम र इमानदार माली भने सायद रोज्न जानेनौं । समृद्ध नेपालको सपना त बाँडियो तर यो सपना साकार पारेर देखाउन सक्ने राजनेता हाम्रो देशले सायद जन्माउन सकेन । अब देशको राजनीतिलाई सही मार्गमा डोऱ्याउन नयाँ पुस्ताले अग्रसरता लिनुपर्ने आवश्यकता महसुस हुन थालेको छ । संविधान संशोधनको चर्चाको प्रसंगमा भन्नुपर्दा कुनै पनि संविधान आफैंमा पूर्ण हुँदैन । नेपालको संविधानमा यसअघि दुई पटक संशोधन भएकै हो । जस्तै- यो संविधान जारी गर्दाको बखत असन्तुष्ट रहेका मधेशी मोर्चाका निर्वाचन क्षेत्र लगायतका न्यूनतम माग सम्बोधन गर्न २०७२ फागुन १६ मा पहिलो पटक तथा चुच्चे नक्सासहित नेपालको निसान छापमा परिमार्जन गर्न २०७७ असार ४ मा दोस्रो पटक संशोधन गरिएको इतिहास साक्षी छ ।

देश, काल, परिस्थितिअनुरूप संविधान पुनरावलोकन, संशोधन गर्नुपर्ने आवश्यकताका सन्दर्भमा देशभरिका वकिलहरूको छाता संगठन नेपाल बार एसोसिएसनको तत्वावधानमा गत जेठ ४, ५, ६ मा भएको अखिल नेपाल राष्ट्रिय कानुन व्यवसायी राष्ट्रिय सम्मेलनमा पनि छलफल भएको थियो । विशेषगरी न्यायपालिकाको पुनःसंरचनाको पाटामा त्यहाँ उपस्थित कानुन व्यवसायीहरूले घनीभूत छलफल गरेर सो प्रस्तावसहित ३८ बुँदे 'काठमाडौं घोषणापत्र' जारी गरिएको थियो । नेपाल बारको त्यस कार्यलाई नितान्त सकारात्मक मान्नुपर्छ । अब सो घोषणापत्रप्रति राज्य र राजनीतिक वृत्तले अनदेखा गर्न मिल्ने देखिँदैन ।

वास्तवमा बार र बेन्च (न्यायालय) एउटै सिक्काका दुई पाटा हुन् भनेर त्यसै भनिएको होइन, एकबिना अर्काको सहअस्तित्व सम्भव छैन । बार भनेको न्यायिक स्वतन्त्रताका लागि खबरदारी गर्नेदेखि लिएर न्यायालयभित्रका भ□गोल व्यवस्थापन गर्ने अभियन्ता पनि हो । यस्तै, न्यायालय भनेको हामी सबैको आस्थाको साझा धरोहर हो, दुःख, अन्याय, अत्याचारमा परेका गरिब, निर्धो, निम्छरोका लागि दुःख-पीडाको भारी बिसाउने चौतारी पनि हो ।

यसैगरी संविधानमा जब-जब सकस आइपर्छ, तब-तब त्यसमा प्राण भर्ने, लोकतन्त्रलाई खण्डीकरण हुनबाट जोगाउने, सुशासनको सवालमा च्युत हुन खोज्ने अंग, निकाय, पदाधिकारीलाई सुमार्गमा ल्याउने, राज्यको एक मात्रै सक्षम निकाय भनेको न्यायालय नै हो । त्यसैले लोकतन्त्रको सुदृढीकरण गर्न तथा संस्थागत तुल्याउन न्यायिक स्वतन्त्रता अपरिहार्य छ भन्ने गरिएको हो । न्याय क्षेत्रका भुक्तभोगीहरू, लामो अनुभवबाट खारिएकाहरू भन्छन्- नेपालमा न्यायिक स्वतन्त्रताको चीरहरण गर्ने प्रपञ्च यथार्थमा अन्तरिम संविधान २०६३ निर्माण गरिएबाटै सुरू भएको हो । त्यसको केही प्रपञ्चले वर्तमान संविधानमा समेत निरन्तरता पायो ।

यस उदाहरणका लागि धेरै टाढा जानु पर्दैन । संविधानको मात्रै धारा १५३ (१) मा उल्लेख गरिएको न्यायपरिषद्को गठन विधि हेरे पुग्छ । विगतमा परिषद्बाट भएका कतिपय न्यायिक नियुक्तिलाई लिएर देखिएका विवाद वा असन्तुष्टिको जड नै यही दूषित संरचना हो । किनकि परिषद्मा रहने ५ पदाधिकारीमध्ये ३ जना त कुनै न कुनै अमूक राजनीतिक पृष्ठभूमि भएकाहरू हुन्छन्, जसका कारण न्यायिक नियुक्त वा न्यायाधीश सरूवा वा कारबाहीका विषयमा न्यायिक नेतृत्व अल्पमतमा वा छायामा पर्ने गर्छन् । यी तीन जनाको सिन्डिकेटमार्फत परिषद्बाट अमूक दल र नेताका वरिपरि घुमिरहनेहरू र आफन्तलाई प्रायः नियुक्ति गरिँदै आएको भुक्तभोगीहरू नै बताउँछन् ।

केही अपवादलाई छाडेर भन्नुपर्दा एकातिर योग्यतासम्म पुगेका तर पेसामा कोरा अनुभव, प्रचुर ज्ञानको कमी, उच्च व्यावसायिक निष्ठा आर्जन गर्न नसकेका, निष्पक्ष चरित्र प्रदर्शन गर्न नसकेका प्रायजसोलाई भटाभट नियुक्ति गर्ने अभ्यास बसाइएको छ ।

अर्कातिर सेवाभित्रकै वरिष्ठतमहरूमा पनि कसैलाई काखा, कसैलाई पाखा गर्ने गरिएको छ । यही प्रवृत्तिका कारण न्यायक्षेत्रमा पनि बेलाबखत भ□गोल हुने गरेको गुनासो/असन्तुष्टि त्यहींभित्रबाट र जनस्तरबाट उजागर हुने गरेको हामीले देखेसुनेकै कुरा हो । अतः यिनै यथार्थताको पृष्ठभूमिमा न्यायपरिषद्को गठन विधि, न्यायाधीश नियुक्तिको कार्य पद्धति, सर्वोच्च अदालतका न्यायाधीशको संख्या एवं कार्यक्षेत्र जस्ता न्यायपालिका सुदृढीकरण र त्यसको पुनःसंरचनाका सवालमा संविधानमा पुनरावलोकन एवं संशोधनको अपरिहार्यताखड्किएको महसुस हुन्छ ।

संघ र प्रदेशमा पटक-पटक सरकार गठन-विघटन भइरहेको छ । यस्तो राजनीतिक अस्थिरता निराकरणका लागि कारण एवं कारक तत्त्व पहिचान गरी संविधानमा आवश्यक सुधार एवं परिमार्जन गर्नुपर्ने देखिएको छ । संविधानको धारा २७४(८) मा संविधान संशोधनका लागि संघीय संसद्का दुई तिहाइ बहुमत आवश्यक पर्ने उल्लेख छ ।

यसअनुसार संघीय संसद्का दुवै सदनका गरी कायम कुल ३३५ जनामध्येबाट कम्तीमा २२४ जनाको बहुमत आवश्यक पर्ने देखिन्छ । जबकि दुवै सदनमा नयाँ सत्ता समीकरणका हस्तीहरू भनिएका दुवै ठूला दल नेपाली कांग्रेसमा (८८ र १६ गरी १०४) तथा नेकपा एमालेसँग (७९ र १२ गरी ९१ जना) गरेर जम्मा १९५ जना मात्र सांसद छन् । अर्थात् यी दुवै दललाई दुई तिहाइ बहुमतका लागि अझै २९ सांसद अपुग छ । यी दुवै ठूला दलले अन्य दलहरूसँग हातेमालो एवं सहकार्य गर्नुपर्ने बाध्यता रहेकाले सोहीअनुरूप लचिलो हुनुपर्ने देखिन्छ ।

अन्त्यमा, मुलुकमा राजनीतिक स्थिरताका साथै स्थापित लोकतन्त्रको सुदृढीकरण अहिलेको प्रमुख आवश्यकता हो । त्यसका लागि सबै दलले आ-आफ्नो विचार, मतान्तरलाई थाती राख्दै सबै एकाकार भएर मुलुकलाई यथासम्भव चाँडो निकास दिनुको विकल्प अहिलेलाई देखिँदैन । *कान्तिपुर*

# सरकारका प्राथमिकता र चुनौती

**प्रा. लोकराज बराल**

संसद्का दुई ठूला दल मिलेर भर्खरै नयाँ सरकार बनाएका छन् । उनीहरूले संविधान संशोधनदेखि स्थिरतासम्मका विषय उठाएको पाइन्छ । अहिलेसम्म नेपालमा जति नै दल मिले पनि तात्विक भिन्नता पाइएको छैन । पहिले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को करिब दुईतिहाइ बहुमतको केपी शर्मा ओली नेतृत्वको एकल सरकार थियो । त्यो सरकार कसरी ढल्यो, सर्वविदितै छ । कांग्रेस र माओवादी, एमाले र माओवादी मिलेर पनि सरकार बनाएकै हुन् । त्यही सिलसिलामा अहिले कांग्रेस र एमाले मिलेर सरकार बनाएका छन् । तर, यसरी ठूला दल मिल्दैमा देशमा सकारात्मक परिवर्तन भइहाल्छ भन्ने छैन । परिवर्तन गरिहाल्ने एजेन्डा पनि छैनन् उनीहरूसँग ।

यतिखेर जनतामा चरम निराशा छ । शिक्षा तथा स्वास्थ्य क्षेत्रको समस्या विकराल छ । रोजगारी नपाएर विदेश जानेको लर्को विमानस्थलमा दिनहुँ देखिन्छ । आर्थिक अवस्था अप्ठेरो अवस्थामा छ । सेवा प्रवाह चुस्त-दुरूस्त छैन । जनताको अपेक्षा, सरकार सक्षम हुनुपर्छ, मन्त्री चुस्त-दुरूस्त हुनुपर्छ, समस्या बुझ्नुपर्छ भन्ने नै हो । नयाँ सरकारले सबैलाई मिलाएर अगाडि बढ्न सक्नुपर्छ । देशको प्राथमिकता के हो ? हामीले कुन परियोजनालाई प्राथमिकतामा पार्ने राख्ने भन्ने स्पष्ट हुनुपर्छ । विकासको प्राथमिकता के हो ? भोलि फेरि तँछाडमछाड गरेर भ्युटावरदेखि लिएर मन्दिर बनाउनेसम्मका विषय प्राथमिकतामा पर्न पनि सक्छन् । संघ, प्रदेश र स्थानीय तहको बजेट अनुत्पादक क्षेत्रमा खर्च हुँदा त्यसले दीर्घकालीन असर पार्छ भन्ने यथार्थ यो सरकारले बुझ्न आवश्यक छ । सरकारले पुँजीगत खर्च पनि गर्न सकिरहेको छैन । यस्ता धेरै समस्यालाई कसरी निरूपण गर्ने भन्ने नै अहिलेको मुख्य चासोको विषय हो । त्यसतर्फ सरकार र गठबन्धनका दलहरू सचेत हुनुपर्छ । प्राथमिकता निर्धारण गरेर अगाडि बढ्दा मात्र यस्ता समस्याबाट बच्न सकिन्छ ।

राजनीतिक अस्थिरताका कारण पनि देश अस्तव्यस्त भइरहेको छ । अस्तिसम्मका मन्त्रीहरूले के गर्दै थिए, अहिले फेरि नयाँ मन्त्री आएर के गर्ने हुन् ? एउटा मन्त्री आउँछ, दुई-चार महिना बस्छ, जान्छ, कुनै स्थायित्व छैन । कर्मचारीतन्त्रमा पनि मन्त्री आउने-जाने भइरहन्छ भन्ने परेको छ । त्यसकारण नीतिगत स्थिरतामा पनि सरकारले ध्यान दिनुपर्छ ।

समानुपातिक-समावेशीकरणको विषय छँदै छ । २२ सदस्यीय वर्तमान मन्त्रिपरिषद्मा एकजना पनि दलितको प्रतिनिधित्व छैन । यस्तो पाराले समावेशी कहाँबाट हुन्छ ? १४-१५ प्रतिशत जनसंख्या भएको समुदायलाई माइनस गर्नु उचित होइन । महिला दुईजना परेका छन् । त्यसमा पनि क्षेत्री र बाहुन मात्रै । यस्ता क्रियाकलापले सबै समान हुन् भन्ने नेताहरूको भाषणलाई कसरी पत्याउने ?

जनमुखी कार्यक्रम के-के हुन सक्छन् भन्नेमा सरकार चनाखो बन्नुपर्छ । सेवा प्रवाह चुस्त बनाउने, जनतालाई राहत दिने, देशलाई भ्रष्टाचारमुक्त गर्ने, आर्थिक विकास गर्नेजस्ता विषय प्राथमिकतामा पर्नुपर्छ । अहिले सबै विकास आयोजना अस्तव्यस्त छन् । ढिलासुस्ती व्याप्त छ । एउटा पुल १५-२० वर्षसम्म पनि बन्दैन । ठेकेदारले सबै नियन्त्रण गरेका छन् । सबैभन्दा पहिला ठेकेदारतन्त्र हटाउन सक्नुपर्छ ।

संविधान संशोधन किन ? : नयाँ गठबन्धन बनेसँगै संविधान संशोधनको कुरा आएको छ । तर, के-केमा संशोधन भन्ने अझै स्पष्ट छैन । संविधान संशोधन भनेको ठूलो र गम्भीर विषय हो । केही नेता बसेर संविधानका मूलभूत विषयलाई बदल्न खोजियो भने 'पान्डोरा बक्स' चलाउन खोजेजस्तै भएभरका समस्या बाहिर निस्कन सक्छन् । त्यसकारण संविधान संशोधन त्यति सजिलो छैन । केमा संशोधन गर्न खोजेको हो, कसरी संशोधन गर्ने हो भन्नेमा उहाँहरू नै प्रस्ट हुनुहुन्न । दुईजना नेता बसेर संविधान संशोधन गर्ने भन्दैमा हुँदैन । यसले भोलि ठूलो समस्या निम्त्याउन सक्छ । केका लागि संविधान संशोधन गर्न खोजिएको हो भन्ने विषय आमजनमानसमाझ स्पष्ट पार्नुपर्छ । त्यसमा सबैको चित्त बुझ्नुपर्छ । संशोधनका लागि मिलाएर आवश्यक दुईतिहाइ पनि पुऱ्याउनुहोला । तर, मुख्य कुरा एजेन्डा के हो भन्ने नै हो । राम्रो एजेन्डा छ भने सबैले साथ दिन्छन् । त्यसैले, संशोधन गर्दा सबैलाई समेट्न सक्नुपर्छ, त्यस्तो क्षमता पनि चाहिन्छ । अहिलेसम्म उहाँहरूको विगतको कामकारबाही हेर्दा मैलेचाहिँ पत्याएको छैन ।

कुरा होइन, काम गरौँ : जनतामा अहिले धेरै आशंका छन् । नक्कली शरणार्थी प्रकरणदेखि गिरीबन्धु टी-इस्टेटसम्मका विषय सतहमा आएका छन् । त्यो विषय कति साँचो हो, कति झुटो हो भन्ने विषय निष्पक्ष आयोग गठन गरेर सत्य-तथ्य बाहिर ल्याउनुपर्छ । निष्पक्ष आयोगले पानीको पानी, दूधको दूध निकाल्न सक्यो भने जनतामा आशा जगाउन सकिन्छ । एउटाले भन्छ- मैले फाइल खोल्ल लागेको थिएँ । के फाइल खोल्न लागेको हो भन्ने नै बुझ्न सकिएको छैन । फेरि अर्कोले के भन्ने हो ? हामीले हेर्नुपर्ने विषय कसले के भन्छ भन्ने होइन, कसले के गर्छ भन्ने हो । जनताले कुरा होइन, काम खोजेका छन् ।

इमानदार भएर काम गर्न चाहने हो भने सुशासन दिन सकिन्छ । तत्कालीन उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ सुरूमा गृहमन्त्री हुँदा भ्रष्टाचारविरूद्ध अगाडि बढ्दा जनताले तारिफ गरेकै हुन् । सानो काम गर्दा पनि नेपाली जनताले तारिफ गर्छन् । तर, गृहबाट परराष्ट्रमा गएपछि उहाँ हराउनुभयो । पहिलाको जस्तो तारिफ उहाँले पाउने अवस्था भएन । रवि लामिछानेलाई गृह नै चाहियो । उहाँलाई गृह नै किन चाहियो ? उहाँ पनि आरोपित हुनुहुन्छ । उहाँ पनि प्रश्नको घेरामा रहिरनुभयो ।

मन्त्रीको क्षमतामा पनि भर पर्छ । मन्त्रीलाई साथ दिने प्रधानमन्त्री हुनुपर्छ । मिलिजुली सरकार भएका कारण कांग्रेसलाई पनि साथमा लिनुपर्ने अवस्था छ । यदि, विश्वासका साथ अगाडि नबढ्ने हो भने एउटाले राम्रो गर्न खोज्दा पनि अर्काले अवरोध गर्ने र उसका कारण काम गर्न नसक्ने अवस्था हुन सक्छ । हाम्रोमा एउटालाई अर्कोलाई छिर्के हान्ने प्रवृत्ति छँदै छ । सत्तारूढ दलका नेताहरूले स्थिरताको नारा दिए पनि यो गठबन्धन कति अवधि टिक्छ भन्न सकिने अवस्था छैन ।

लोकतन्त्र कमजोर हुँदैन : निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई संसदमा विश्वासको मत नदिएका सबै दल र स्वतन्त्र सांसद सरकारमा सहभागी छैनन् । निवर्तमान प्रधानमन्त्रीलाई विश्वासको मत दिएका ६३ सांसद विपक्षमा छन् । दुई ठूला दल मिल्दैमा चमत्कार हुने पनि होइन । लोकतन्त्र समाप्त हुन्छ भन्ने पनि होइन । विपक्षमा अन्य दल पनि छन् । जनताको पक्षमा आवाज उठाउने हो भने माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीका सांसद पर्याप्त हुन्छन । नराम्रो हुन लाग्यो भने मिडिया, बुद्धिजीवी, नागरिक समाजले खबरदारी गर्छन् नै । प्रतिपक्षमा हुँदा कांग्रेस वा एमालेले पो हिजो के गरेका थिए र ?

जनताको आर्थिक अवस्था सुधार्नेदेखि शिक्षा, स्वास्थ्य, रोजगारीका क्षेत्रमा धेरै काम गर्नुपर्ने छ । युवालाई स्वदेशमै रोक्ने र बिदेसिएका युवालाई स्वदेश फर्काउनुपर्ने वातावरण निर्माण गर्नुपर्ने ठूलो चुनौती छ । परराष्ट्र मामिलालाई सन्तुलन गर्नुपर्नेछ । जनतालाई राहत कसरी दिने, अस्थिरतालाई कसरी हटाउने, जनताको गुनासोलाई कसरी सम्बोधन गर्ने भन्नेमा सरकार चनाखो हुनुपर्छ । सरकारले दायाँबायाँ गर्न खोज्यो भने प्रतिपक्षले खबरदारी गर्नुपर्छ ।

माथि उल्लिखित विषय सम्बोधन हुन सकेनन् भने यिनीहरू पनि 'उही ड्याङका मुला' त हुन् नि भन्ने जनमत बन्छ । सबभन्दा ठूलो कुरा विश्वसनीयता हो । जनताको विश्वास आर्जन गर्न सक्नुभयो भने चुनौती पार हुन्छ । होइन भने, यी पनि खान आएका हुन्, आफ्नो स्वार्थका लागि जोडिएका हुन्, भ्रष्टाचारलाई लुकाउनका लागि आएका हुन् भन्ने छाप जनतामा पर्छ । भोलिका लागि सबैभन्दा ठूलो चुनौती यही हुन्छ । निर्वाचनमा पनि यही कुरा आउँछ ।

नयाँ गठबन्धन देश र जनताको पक्षमा बनेको हो भन्ने कुरा काम गरेरै पुष्टि गर्नुपर्छ । विगत हेर्ने हो भने कमजोरी सच्याएर प्रधानमन्त्री केपी ओली अगाडि बढ्छन् भनेर विश्वास गर्ने ठाउँ छैन । ओली, देउवा, प्रचण्डलगायतले गर्छन् भन्ने लाग्न पनि छाडिसक्यो । दलाल, बिचौलियाले नियन्त्रण गर्ने अवस्थामा मन्त्री र प्रधानमन्त्रीले केही पनि गर्न सक्दैनन् । दलाल, बिचौलियाकै पैसाले पार्टी चलेका छन् भने जनताको पक्षमा कसरी काम हुन्छ ? करिब दुईतिहाइको एकल बहुमत हुँदा त केही गर्न सकेनन् भने अहिले मिलिजुली सरकारबाट के होला र ? यदि, कसैले गर्न दिएनन् भने त्यो पनि बाहिर ल्याउनुपर्छ । आफूले गर्न खोजेको कामबारे जनतालाई स्पष्ट पार्नुपर्छ । तब मात्र कसले देश र जनताका लागि काम गर्न खोजेको थियो भन्ने थाहा पाइन्छ । पद जाने वेलामा भनेको कुरा कसैले पनि पत्याउँदैनन् । अहिले नै निष्कर्ष दिन त मिल्दैन तर, विगतको रेकर्ड हेर्दा उहाँले सक्षम सरकार दिनुहोला भनेर पत्याउने अवस्था छैन ।

जनताले राहत पाउलान् भन्ने अपेक्षा गर्ने पनि ठाउँ छैन । यो कुर्सीको खेलको निरन्तरताकै एउटा प्रक्रिया हो । स्वार्थप्रेरित राजनीतिमा यस्तो भइरहन्छ । तैपनि, केही भइहाल्छ कि भन्ने शंकाको सुविधा भने दिन सकिन्छ । यसको परिणाम हेर्न लामो प्रतीक्षा गर्नुपर्दैन, निकट भविष्यमै देखिनेछ । नयाँ पत्रिका

## एनसेलले ल्यायो **फेसबुक बेसिक मोड र डिस्कभर**

एनसेलका ग्राहकले डेटा प्याक वा ब्यालेन्स नभएको अवस्थामा पनि इन्टरनेट र फेसबुक चलाउन सक्ने भएका छन् । यसलाई सम्भव बनाउँदै, एनसेल र फेसबुकको मातृसंस्था मेटाले एनसेलका ग्राहकलाई ब्यालेन्सविना पनि इन्टरनेट र फेसबुकमार्फत सम्पर्कमा रहन साझेदारी गरेका छन् ।

राम्रो ब्रोडब्यान्ड कभरेज भएका क्षेत्रमा पनि थुप्रै उपभोक्ता क्रयशक्तिका कारणले गर्दा कहिलेकाहीँ मात्र इन्टरनेट चलाउने वा चलाउँदै नचलाउने हुन्छन् । यी खाडल पुर्नका लागि एनसेलले मेटासँगको सहकार्यमा मंगलबारबाट लागू हुने गरी दुई प्रोडक्ट फेसबुक बेसिक मोड र डिस्कभर सञ्चालनमा ल्याएको छ । विशेषगरी टुजी मोबाइल सेट बोक्ने ग्राहकका लागि इन्टरनेटको अनुभवका साथ सेवा सान्दर्भिक रहेको बताइएको छ ।

डिस्कभरले टेक्स्ट मात्र हेर्न सकिने गरी इन्टरनेट ब्राउजिङको सुविधा दिनेछ । त्यसैगरी, डेटा प्याक र डेटा चलाउन ब्यालेन्स नभएको अवस्थामा ग्राहकहरूले फेसबुक बेसिक मोडमा टेक्स्ट र फोटोसहित फेसबुक पहुँचको सुविधा पाउनेछन् । 'यो पहलले नेपालमा इन्टरनेटको प्रयोग बढाउन योगदान पुऱ्याउँछ र हाम्रो 'सधैँ अन' क्याम्पेनको एक अंशको रूपमा यसले ग्राहकहरूका मोबाइलमा केही आधारभूत सेवा उपलब्ध रहिरहने कुराको सुनिश्चित गर्नेमा हामी विश्वास गर्छौं,' एनसेलका चिफ कमर्सियल अफिसर उमेर मोहसिनले भने, 'यस किसिमका सहकार्यले डिजिटल समावेशी नेपालको लक्ष्य हासिल गर्न महत्वपूर्ण कदम चाल्नेछ ।'

डिस्कभर एक एन्ड्रोइड एप हो । एनसेलका ग्राहकहरूले यो एप प्रयोग गरेर एनसेलमार्फत टेक्स्ट मात्र पहुँच हुने गरी इन्टरनेट चलाउन सक्छन् । यसको प्रयोगमार्फत कुनै पनि वेबसाइट ब्राउज गर्न सकिन्छ । टेक्स्ट मात्र सपोर्ट गर्ने हुनाले यसमा भिडियो, अडियो, र अन्य प्रकारका धेरै डेटा खपत हुने सामग्री उपलब्ध हुँदैन । फेसबुक बेसिक मोडमा, एनसेलका ग्राहकले डेटा प्याक सकिएमा वा डेटा प्रयोग गर्नका लागि ब्यालेन्स नभएको वेलामा पनि टेक्स्ट र फोटोसहितको फेसबुक चलाउन सक्छन् ।



# आयल निगमको नाफा १० अर्ब

काठमाडौं ।नेपाल आयल निगम लिमिटेडले गत आर्थिक वर्ष ०८०/८१ मा करिब १० अर्ब रूपैयाँ नाफा आर्जन गरेको छ । आयल निगमको अर्थ विभाग नेतृत्व गरिरहेका नायब कार्यकारी निर्देशक नागेन्द्र साहका अनुसार प्रारम्भिक हिसाबमा १० अर्ब रूपैयाँ नाफा आर्जन देखिएको हो । उनका अनुसार अघिल्लो आव ०७९/८० को तुलनामा गत आवमा गरेको नाफा कम हो । अघिल्लोपटक निगमले ११ अर्ब ७२ करोड ३० लाख रूपैयाँ नाफा गरेको थियो ।




'पेट्रोलियम पदार्थको आयात परिमाण २-३ प्रतिशतले बढेको छ, तर विगतको भन्दा खरिद मूल्य घटेका कारण समग्र कारोबार र नाफा रकम केही कम भएको देखिन्छ,' उनले भने । गत आवमा तीन खर्ब ६४ अर्ब रूपैयाँको कारोबार भएको पनि उनले जानकारी दिए । 'अघिल्लो आव ०७९/८० मा भने तीन खर्ब ८३ अर्ब रूपैयाँको कारोबार भएको थियो,' साहले भने ।

पेट्रोलियम पदार्थको खपत बढे पनि कारोबार रकम घट्नुमा अन्तर्राष्ट्रिय बजारमा आएको मूल्यको गिरावट प्रमुख कारण हो । गत आवको सुरूमा कच्चा तेलको मूल्य अन्तर्राष्ट्रिय बजारमा ७६ डलर प्रतिब्यारेलआसपास थियो भने आवको अन्त्यमा ८१ डलर प्रतिब्यारेलआसपास थियो । तर, अघिल्लो आव ०७९/८० को सुरूवातमा ९२ डलर प्रतिब्यारेल पुगेको कच्चा तेलको मूल्य सोही आवको अन्त्यसम्मा ७६ डलरआसपास आइपुगेको थियो । एक वर्षअघिको तुलनामा गत आवको खरिद लागत नै घटेका कारण आयात परिमाण थोरै बढे पनि समग्र कारोबार रकम भने घटेको साहले बताए ।

मुलुकमा सबैभन्दा धेरै ५० प्रतिशत डिजेलको खपत हुने गरेको छ । यसअघि डिजेलको हिस्सा ५९ प्रतिशत थियो । तर, बिजुलीको उपलब्धता बढेर उद्योग र सार्वजनिक सवारीमा हुने खपत घटेका कारण डिजेल आयातसमेत कम हुन थालेको हो । त्यस्तै, पेट्रोल २४ प्रतिशत र ग्यासको हिस्सा १९ प्रतिशत रहेको छ । हवाई इन्धनको ६ प्रतिशत र मट्टीतेलको मुस्किलले १ प्रतिशत हिस्सा छ ।

गत आर्थिक वर्ष ०८०/८१ मा पेट्रोलियम पदार्थ आयात गरेबापत आयल निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी)लाई दुई खर्ब ७२ अर्ब रूपैयाँ भुक्तानी गरेको छ । आयल निगमको नायब कार्यकारी निर्देशक नागेन्द्र साहका अनुसार पेट्रोलियम पदार्थको खपत करिब ३ प्रतिशतले वृद्धि भए पनि आइओसीलाई भुक्तानी गरिएको रकम अघिल्लो वर्षको तुलनामा कम हो । अघिल्लो आव ०७९/८० मा निगमले आइओसीलाई तेल खरिद गरेबापत दुई खर्ब ८१ अर्ब रूपैयाँ भुक्तानी गरेको थियो ।

'विगतको भन्दा गत आवमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ घटेका कारण आइओसीलाई भुक्तानी गर्ने दर पनि कम भएको थियो,' साहले भने, 'त्यसैले समग्र भुक्तानी रकम अघिल्लो वर्षको तुलनामा कम हुन गएको हो ।' आयल निगमले आव ०७८/७९ मा सबैभन्दा धेरै तीन खर्ब आठ अर्ब रूपैयाँ आइओसीलाई भुक्तानी गरेको थियो । उक्त आवको सुरूमा ७२ डलर प्रतिब्यारेल रहेको कच्चा तेलको भाउ बढेर एक सय १६ डलरसम्म पुगेको थियो । उक्त आवमा नेपालमा पनि पेट्रोलको भाउ सबैभन्दा बढी प्रतिलिटर एक सय ९९ रूपैयाँ पुगेको थियो ।

गत आव ०८०/८१ मा पेट्रोलियम पदार्थ आयात गर्दा निगमले भन्सार विन्दुमा एक खर्ब १३ अर्ब रूपैयाँ राजस्व बुझाएको छ । सरकारले विभिन्न शीर्षकमा पेट्रोलमा ६२.३६ रूपैयाँ, डिजेलमा ४४.६६ रूपैयाँ, मट्टीतेलमा ३१.१६ रूपैयाँ, आन्तरिक हवाई इन्धनमा १९.६१ रूपैयाँ र बाह्य हवाई इन्धनमा १.९३ रूपैयाँ प्रतिलिटर तथा खाना पकाउने एलपी ग्यासमा दुई सय ६१ रूपैयाँ ६५ पैसा प्रतिसिलिन्डर कर लगाउने गरेको छ । निगमले अघिल्लो आव ०७९/८० मा एक खर्ब १० अर्ब रूपैयाँ र त्यसअघि आव ०७८/७९ मा सबैभन्दा बढी एक खर्ब २४ अर्ब २५ करोड रूपैयाँ राजस्व बुझाएको थियो ।

# सालपा विकास बैंकले सञ्चालन गर्‍यो १२ वर्षपछि मोबाइल बैंकिङ सेवा

खोटाङ । सालपा विकास बैंकले स्थापना भएको १२ वर्षपछि मोबाइल बैंकिङ सेवा सुरू गरेको छ । 'खोटाङको बचत, खोटाङमै लगानी' भन्ने मूल नारासहित ३ साउन ०६९ मा दिक्तेल बजारमा केन्द्रीय कार्यालय स्थापना गरेर सेवा प्रवाह गरिरहेको बैंकले सोमबारदेखि मोबाइल बैंकिङ सेवा सुरू गरेको हो ।




सेवाग्राहीलाई छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न मोबाइल बैंकिङ सेवा सञ्चालनमा ल्याइएको बैंक सञ्चालक समितिका अध्यक्ष टंक राईले जानकारी दिए । 'राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार खोटाङको कुल जनसंख्या एक लाख ५७ हजार ३०४ छ । हाम्रो जिल्लामा सालपा विकास बैंकसहित १२ वटा बैंक सञ्चालनमा छन्,' उनले भने, 'बचत खाता खोल्नेको संख्या एक लाख ४७ हजार ७०३ छ । जसमध्ये हाम्रो बैंकमा खाता खोल्नेको संख्या ३६ हजार ६८१ रहेको छ । उहाँहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न मोबाइल बैंकिङ सेवा सञ्चालनमा ल्याइएको हो ।'

सेयर सदस्यहरूको ७० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत गरी दुई करोडको पुँजी लगानीबाट सुरू गरिएको बैंकले निक्षेप रकमलाई जिल्लाका कृषि, पर्यटन, व्यवसायी, उद्यमीहरूको व्यवसाय प्रवर्द्धनका लागि सुलभ ब्याजदरमा कर्जा उपलब्ध गराउँदै आएको छ । 'एक घर, एक खाता' भन्ने परियोजनासमेत सञ्चालन गरिरहेको बैंकको कुल निक्षेप एक अर्ब चार करोड रूपैयाँ रहेको वितरण शाखाका प्रमुख वरिष्ठ अधिकृत दिवाकर राईले जानकारी दिए ।

'जनता बैंकमा होइन, बैंक जनतासम्म जानुपर्छ' भन्ने अवधारणा लिएर सञ्चालन गरिएको सालपा विकास बैंकको कुल चुक्ता पुँजी ३५ करोड रहेको जनाइएको छ । निकट भविष्यमा आइपिओ खुलाएर हालको चुक्ता पुँजीलाई ५२ करोड २३ लाख ८८ हजार पुर्‍याउने लक्ष्य राखिएको बैंकले जनाएको छ ।

दिक्तेल बजारसँगै ६ ठाउँमा शाखा रहेको बैंकले चल्ती तथा कल खाता, साधारण, नारी, विद्यार्थी, ज्येष्ठ, बाल, खुत्रुकेलगायतका दशटा बचत खाता, आठ किसिमका मुद्दती खाता र नौ किसिमका कर्जा तथा सापट विप्रेषणलगायतका सेवा प्रवाह गर्दै आएको छ । हलेसी, ऐँसेलुखर्क, बाक्सिला, सिम्पानी र चिसापानीमा शाखा कार्यालय स्थापना गरेर सेवा प्रवाह गर्दै आएको बैंकले आइएमई, प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट, वेस्टर्न युनियन, हुलास रेमिट, सेवा रेमिट, सिजी फिन्को, सिटी एक्सप्रेस, रिलायबल रेमिट, कुमारी रेमिट सेवासमेत प्रदान गर्दै आएको छ ।

'तपाईंको सजिलो वित्तीय साझेदार' भन्ने नाराका साथ जिल्लाभर सेवा प्रवाह गरिरहेको बैंकले स्थानीय तहसँगको सहकार्यमा जिल्लास्थित पाँचवटै शाखामार्फत सामाजिक सुरक्षाभत्तासमेत वितरण गर्दै आएको छ ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा प्रधान कार्यालय स्थापना गरेर कारोबार सुरू गरेको सालपा विकास बैंकले नेपाल राष्ट्र बैंकबाट 'ख' श्रेणीको इजाजत प्राप्त गरेको छ । स्थापनाकालमा १० जिल्लाका १२० जना सेयर सदस्यबाट सुरू गरिएको बैंकमा हाल ६८ जिल्लाका तीन हजार ५०० सेयर सदस्य छन् ।

स्थापनाकालमा खोटाङ जिल्लालाई मात्रै कार्यक्षेत्र बनाएको बैंकको गत फागुन २० गते सम्पन्न ११औँ साधारणसभाले आफ्नो कार्यक्षेत्रलाई थप चार जिल्लामा विस्तार गर्ने निर्णय पारित गरेको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित शुभम् फाउन्डेसनमा सम्पन्न ११औँ साधारणसभाले उदयपुर, सुनसरी, झापा र मोरङमा शाखा स्थापना गरेर कार्यक्षेत्र विस्तार गर्ने निर्णय गरेको हो ।

खेलकुद

# महिला एसिया कपमा समूह चरणबाटै बाहिरियो नेपाल

एसिसी महिला एसिया कप टी-२० क्रिकेट प्रतियोगितामा नेपाल मंगलबार सर्वाधिक विजेता भारतसँग ८२ रनको फराकिलो अन्तरले पराजित भएको छ । हारसँगै नेपाल सेमिफाइनल दौडबाट बाहिरियो । भारतले समूह 'ए'मा लगातार तीन जित निकाली शीर्ष स्थानमा रही सेमिफाइनल स्थान सुरक्षित गरेको छ । यसै समूहमा पाकिस्तान उपविजेताका रूपमा अन्तिम चारमा पुगेको छ । दुई अंक बटुलेको नेपाल र अंकविहीन युएई प्रतियोगिताबाट बाहिरिएको छ ।

श्रीलंकाको दाम्बुला मैदानमा पहिलो ब्याटिङ भारतले २० ओभरमा तीन विकेट गुमाएर एक सय ७८ रन बनाएको थियो । प्रत्युत्तरमा नेपालले २० ओभरमा ९ विकेटको क्षतिमा ९६ रन जोड्यो । नेपालले सेमिफाइनल स्थान बनाउन भारतविरूद्ध १० ओभरमा जित निकाल्नुपर्ने थियो । एसिया कपमा नेपालको यो तेस्रो सहभागिता हो । यसअघि अघिल्ला दुई सहभागीमा जितविहीन रहेको नेपालले चालू प्रतियोगितामा युएईविरूद्ध ऐतिहासिक जित हात पार्‍यो । समग्रमा नेपालले तीन खेलमा दुई हार र एक जित नतिजा व्यहोरेको छ । पाकिस्तानले तीन खेलमा दुई जित र एक हार सामना गर्‍यो । युएईले तीनवटै खेल गुमायो । पाकिस्तान भारतसँग मात्र पराजित भएको थियो ।

फाइनल प्रवेशको खेलमा भारतले समूह 'बी'को उपविजेताविरूद्ध खेल्नेछ । पाकिस्तानले समूह 'बी'को विजेतासँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ । अर्को समूहमा श्रीलंकाले दुई खेलमा जित निकाली चार अंक जोडेको छ । श्रीलंका शीर्ष स्थानमा छ । थाइल्यान्ड र बंगलादेशले दुई खेलमा समान एक जित निकाली दुई अंक जोडेको छ । रनरेटमा थाइल्यान्ड दोस्रो स्थानमा छ । मलेसियाले दुईवटा खेल गुमाएको छ ।

नेपालको कमजोर बलिङ र फिल्डिङको फाइदा लिँदै भारतले ओपनिङमा उत्कृष्ट सुरूवात गर्‍यो । ओपनर साफली वर्मा र दयालान हेमलाथले पहिलो विकेटका लागि १३.६ ओभरमा एक सय २२ रनको साझेदारी गरेका थिए । यी दुवैले पहिलो विकेटका लागि ८४ बलको सामना गरेका थिए । सीता रानामगरले बर्मालाई स्टम्पिङ गर्दै नेपाललाई पहिलो सफलता दिलाइन् । बर्माले ४८ बलमा १२ चौका र एक छक्का प्रहार गरेकी थिइन् । भारतले पावर प्लेमा प्रतिओभर १० रन जोडेको थियो ।

सञ्जीवन सजना र हेमलथाले दोस्रो विकेटका लागि ११ रन साझेदारी गरे । सञ्जीवनले १२ बलमा एक चौकाको सहयोगमा १० रन बनाइन् । फर्ममा रहेकी ओपनर हेमलथा अर्धशतक बनाउन तीन रनले चुकेकी थिइन् । सीता रानामगरको ओभरमा उनी रूविना क्षेत्रीबाट क्याच-आउट भइन् । हेमलथाले ४२ बलमा पाँच चौका र एक छक्का प्रहार गर्दै ४७ रनको योगदान दिइन् ।

त्यसपछि जेमिनाह रोड्रिग्वेज र रिचा घोषले चौथो विकेटका लागि ९ बलमा २३ रन जोडे । जेमिनाहले १५ बलको सामना गरी २८ रन बनाइन् । उनले पाँच चौका प्रहार गरेकी थिइन् । रिचाले तीन बलमा एक चौकाको सहयोगमा ६ रन बनाइन् । बलिङको क्रममा नेपाल सीताले चार ओभरमा २५ रन खर्चेर दुई विकेट लिइन् ।

एक सय ७९ लक्ष्य पछ्याएको नेपालको कुनै पनि समयमा गतिलो ब्याटिङ प्रदर्शन भएन । विश्व क्रिकेटमा टेस्ट, एकदिवसीय र टी-२० खेलमा अनुभवी भारतीय खेलाडीले सुरूदेखि नै नेपालका खेलाडीमाथि दबाब राखेका थिए । सीताले कविता कुँवरसँग दोस्रो विकेटका लागि १३ बलमा १८ रनको साझेदारी गरेकी थिइन् । कविताले ११ बलमा ६ रन बनाइन् । सीताले कप्तान इन्दुसँग २८ बलमा २२ रनको साझेदारी गरी नेपालको स्कोरलाई ९.३ ओभरमा ४३-३ को स्थितिमा राखिन् । इन्दुले १८ बलमा दुई चौकाको सहयोगमा १४ रन बनाइन् । क्रिजमा सेट भएकी सीता इनिङ्सको १०.२ ओभरमा पेभेलियन फर्किइन् । उनले २२ बल खेल्दै तीन चौका प्रहार गरी सर्वाधिक १८ रन बनाइन् । त्यसपछि विन्दु रावलले १९ बलमा १७ रन जोडिन् । अन्य खेलाडी सस्तै रनमा आउट भए ।

# दीपेन्द्र र रोहितले ग्लोबल टी-२० लिगमा एक खेल गुमाउने

भिसा समयमै नआउँदा नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेल र अलराउन्डर दीपेन्द्रसिंह ऐरीले क्यानडाको चर्चित फ्रेन्चाइज ग्लोबल टी-२० लिगको एक खेल गुमाउने भएका छन् । भिसा आउन ढिला भएकाले दीपेन्द्र र रोहितले पहिलो खेल गुमाउने निश्चित भएको हो । ग्लोबल टी-२० लिग शुक्रबारदेखि सुरू हुनेछ । रोहितको यो पहिलो अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइज लिग हो । उनलाई टोरोन्टो नेसनल्सले १६ लाखमा अनुबन्ध गरेको छ । टी-२० लिगमा सहभागी हुन दीपेन्द्र बुधबार राति नयाँदिल्लीबाट क्यानडा गएका छन् । कप्तान रोहित बिहीबार मात्र त्यसतर्फ प्रस्थान गर्नेछन् । लिगमा नेपालका लेग स्पिनर सन्दीप लामिछाने पनि आबद्ध छन् । सन्दीप गत साता नै क्यानडा पुगिसके । दीपेन्द्र र सन्दीप भ्यानकुभर नाइट्समा अनुबन्ध भएका छन् । सन्दीपलाई ४० लाख तथा दीपेन्द्रलाई २४ लाखमा भ्यानकुभर नाइट्सले अनुबन्ध गरेको हो । दीपेन्द्रले सन् २०२३ को संस्करण मोन्ट्रियल टाइगर्सबाट खेलेका थिए ।

सो सिजनमा उनी आबद्ध मोन्ट्रियलले उपाधि जितेको थियो । विश्वको चर्चित अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइज लिगको अनुभव बटुलेका सन्दीपले यसअघि क्यानडाको ग्लोबल टी-२० मा मोन्ट्रियल र टोरोन्टोबाट खेलेका थिए । उनी तेस्रोपटक ग्लोबल टी-२० लिग खेल्दै छन् । लिगको उद्घाटन खेलमा शुक्रबार टोरोन्टो र भ्यानकुभरले प्रतिस्पर्धा गर्नेछन् । न्युजिल्यान्डका कोलिन मन्रो, वेस्ट इन्डिजका रोमारियो सेफर्ड र दक्षिण अफ्रिकाका भ्यान डर डसन टोरोन्टोमा रहेका छन् । सन्दीप र दीपेन्द्रसँगै भ्यानकुभरमा पाकिस्तानका बाबर आजम, मोहम्मद आमिर र मोहम्मद रिजवानसमेत रहेका छन् । तर, पाकिस्तानी क्रिकेट बोर्डले बाबर र रिजवानलाई लिग खेल्ने अनुमति दिएको छैन । यसकारण यी दुवै खेलाडीले लिग गुमाउनेछन् । यस टोलीमा पल भ्यान मिकरेन र रूबेन ट्रम्पलम्यानजस्ता अनुभवी एसोसिएट खेलाडी र दक्षिण अफ्रिकाका डवेन प्रिटोरियससमेत रहेका छन् ।

कर्पोरेट

## ● ग्लोबल आइएमई बैंक दुई विधामा सम्मानित

ग्लोबल आइएमई बैंक 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२४' अन्तर्गत बेस्ट बैंक नेपाल र बेस्ट बैंक इएसजी (वातावरण, सामाजिक र सुशासन) नेपाल विधाबाट सम्मानित भएको छ ।

यो वर्षको अवार्डसँगै ग्लोबल दोस्रोपटक बेस्ट बैंक नेपाल अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि बैंकले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२२-बेस्ट बैंक नेपाल' प्राप्त गरिसकेको छ । सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो ।

यसै वर्ष बैंकलाई ग्लोबल फाइनान्सले पनि उत्कृष्ट बैंक अवार्डबाट सम्मानित गरेको थियो । युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ लगायतका अन्य विभिन्न अवार्डहरूले ग्लोबल आइएमई बैंकलाई भविष्यमा अझ उत्कृष्ट सेवा तथा सुविधा प्रदान गर्न उत्प्रेरित गर्छ ।

## ● एनसेलको वायरफ्री प्लस सेवामा छुट

एनसेलले 'सधैँ अन' योजनामा आधारित वायरफ्री प्लस सेवामा आकर्षक अफर ल्याएको छ । यससँगै अब उपभोक्ताले भारी छुटमा बन्डल सेवाका साथै निःशुल्क अल्टिमाको एयरबड र स्मार्टवाच पाउन सक्नेछन् । वायरफ्री प्लस नवीन प्रविधिमा आधारित वायरलेस इन्टरनेट हो र यसमार्फत ग्राहकले विनाकुनै झन्झट अनलिमिटेड इन्टरनेट र वाइफाई कनेक्टिभिटीको फाइदा लिन सक्नेछन् । सँगसँगै यो अफरमा सहकार्य गरेको अल्टिमा ब्रान्डको वेबसाइटबाट पनि ग्राहकले सेवाका लागि सदस्यता लिन सक्ने कम्पनीले जनाएको छ ।

अफरअन्तर्गत ग्राहकले वायरफ्री सेवाका लागि अर्धवार्षिक सदस्यता लिँदा ३५ प्रतिशत (रू. २,० ९५) र वार्षिक सदस्यतामा ४२ प्रतिशत (रू. ४,९८९) छुट पनि पाउनेछन् । ६ महिनाका लागि सेवा लिँदा ग्राहकले तीन हजार चार सय ९९ पर्ने अल्टिमाको एयरबड निःशुल्क पाउँछन् भने एक वर्षको सेवा खरिदमा पाँच हजार नौ सय ९९ मूल्य पर्ने अल्टिमाको स्मार्टवाच निःशुल्क पाइने कम्पनीले जनाएको छ ।

सेवाका लागि अर्धवार्षिक सदस्यताको शुल्क करसहित तीन हजार आठ सय ९९ रुपैयाँ तोकिएको छ भने वार्षिक सदस्यताको शुल्क ६ हजार नौ सय ९९ रुपैयाँ रहेको छ । यी दुवै प्लान लिँदा ग्राहकले एनसेलको फोरजी राउटर पनि शुल्क पाउँछन् ।

यो योजनामा ग्राहकले दुईवटा सिमकार्ड पाउँछन् । ग्राहकले मुख्य एक सिममा प्रत्येक महिना २५० जिबी डेटा पाउँछन् र यो डेटा भोल्युम सकिएमा ५१२ एमबिपिएस गतिमा अनलिमिटेड इन्टरनेट सेवा महिनाभरि लिन सकिनेछ । अर्को दोस्रो सिममा ग्राहकले प्रत्येक महिना १०० मिनेट टक टाइम र पाँच जिबी डेटा पाउनेछन् ।

## ● ज्योति विकास बैंक १७औँ वर्षमा प्रवेश

ज्योति विकास बैंकले स्थापनाको १६औँ वार्षिकोत्सव सम्पन्न गरेको छ । २०६५ श्रावण ९ गते स्थापना भएको बैंकले १६ वर्षको सफल यात्रा पूरा गरी १७औँ वर्षमा प्रवेश गरेको हो । प्रधान कार्यालयको प्रांगणमा आयोजित वार्षिकोत्सव समारोहको सभापतित्व बैंकका अध्यक्ष हरिचन्द्र खड्काले गरेका थिए ।

बैंकले वार्षिकोत्सवको अवसर पारेर परिमार्जित, परिष्कृत तथा प्रयोगकर्तामैत्री नयाँ आधिकारिक वेबसाइटको पनि औपचारिक शुभारम्भ गरेको छ । अध्यक्ष हरिचन्द्र खड्काले डिजिटल प्रविधिमार्फत वेबसाइटको समुद्घाटन गरेका थिए ।

सो अवसरमा बैंकले केन्द्रीय कार्यालयपरिसरमा रक्तदान कार्यक्रमसमेत आयोजना गरेको छ, जसमा कर्मचारी, ग्राहक र अन्य सर्वसाधारण गरी ५० जनाले रक्तदान गरेका छन् । कार्यक्रममा विगत १० वर्ष तथा १५ वर्षदेखि अनवरत रूपमा बैंकमा कार्यरत २७ कर्मचारीहरूलाई सम्मानित गरिएको बैंकले जनाएको छ । अध्यक्ष हरिचन्द्र खड्का तथा प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले संयुक्त रूपमा कर्मचारीहरूलाई पदक तथा कदरपत्र प्रदान गरेका थिए ।

१६औँ वार्षिकोत्सवको अवसरमा बैंकले विविध अति गौरवमय सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूको सम्झौता तथा उद्घोषणसमेत गरेको छ । आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक कार्यमा गर्ने योगदानभन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको बैंकले जनाएको छ ।

## ● सिटिजन्सका ग्राहकलाई बुद्ध एयरमा छुट

सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले बुद्ध एयरमा छुट पाउने भएका छन् । ग्राहकलाई छुट दिनेबारे बैंक र बुद्ध एयरबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले बुद्ध एयरमा १२ प्रतिशतसम्मको आकर्षक छुट पाउने समझदारीपत्रमा उल्लेख छ ।

सो छुट बुद्ध एयरका सबै कार्यालयका काउन्टरबाट प्राप्त हुनेछ । यो सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ ।

## ● ग्लोबल आइएमई र ईशान अस्पतालबीच स्वास्थ्य सेवामा छुटसम्बन्धी सम्झौता

ग्लोबल आइएमई बैंक र ईशान बाल तथा महिला अस्पतालबीच छुटसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख बजार अधिकृत दिलीप पोखरेल र अस्पतालका प्रमुख परिचालन अधिकृत श्रीराम पन्तले हस्ताक्षर गरेका छन् । बैंकका ग्राहकले औषधि-उपचारका लागि ईशान अस्पतालको सेवामा १० प्रतिशतसम्म छुट पाउने सम्झौतापत्रमा उल्लेख छ । अस्पतालले बैंकका ग्राहकलाई शङ्ख्या शुल्क, डायग्नेस्टिक, ओपिडीलगायतका सेवा साथ-साथ आकस्मिक सेवामा १० प्रतिशतसम्मको छुट प्रदान गर्नेछ । यो सम्झौतापछि बैंकका ग्राहकले गुणस्तरीय स्वास्थ्य सेवा-सुविधा उचित दरमा प्राप्त गर्ने र अस्पतालले स्वास्थ्य सेवा तथा सुविधा विस्तार गर्न ग्लोबल आइएमई बैंकसँग सहकार्य गर्न पाउँदा खुसी लागेको अस्पतालका निर्देशक प्रो.डा. रामनन्दन पी चौधरीले बताए । बैंकका प्रमुख बजार अधिकृत पोखरेलले ईशान अस्पतालसँगको साझेदारीले बैंकका ग्राहकलाई लाभान्वित गर्ने र बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाको प्रयोगकर्ता वृद्धि हुने बताए ।

## ● मुक्तिनाथ विकास बैंकलाई 'गोल्ड अवार्ड'

मुक्तिनाथ विकास बैंक 'गोल्ड अवार्ड'बाट सम्मानित भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले वित्तीय विवरण प्रकाशन गर्ने उत्कृष्ट संस्थालाई प्रदान गर्दै आएको राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कार-२०२३ मा विभिन्न विधामध्ये वित्तीय क्षेत्रतर्फ आर्थिक वर्ष ०७९/८० का लागि बैंक 'गोल्ड अवार्ड'बाट पाँचौँपटक सम्मानित भएको हो । बैंक सोही पुरस्कारबाट आव ०७५/७६ देखि ०७९/८० सम्म लगातार पाँचौँपटक पुरस्कृत भएको छ ।

आइक्यानले निजी बैंकिङ, वित्तीय सेवा, उत्पादन, शक्ति र ऊर्जा तथा सेवा क्षेत्र गरी पाँच विधा छुट्याएको थियो । विकास बैंक तथा अन्य वित्तीय कार्य गर्ने कम्पनीमध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्र विधाको सर्वोत्कृष्ट पुरस्कार प्राप्त गरेको हो ।

संस्थाले नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षको शपथग्रहण समारोहमा बैंकलाई उक्त पुरस्कार प्रदान गरेको थियो । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकका कार्यकारी प्रमुख अधिकृत प्रद्युम्न पोखरेललाई सो पुरस्कार हस्तान्तरण गरेका थिए । त्यस्तै, बैंकले 'नेपालमै टिक्न सजिलो छ' भन्ने नारासहित साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनासमेत ल्याएको छ ।

## ● एनसेलको खुद्रा विक्रेता नगेन्द्रले जिते डिस्कभर बाइक

एनसेलका खुद्रा विक्रेता नगेन्द्रप्रसाद गणेशले बजाज डिस्कभर बाइक जितेका छन् । एनसेलले खुद्रा र साना पसल गर्ने व्यवसायीलाई प्रोत्साहन गर्न 'बिक्रीमा बहार, विक्रेतालाई उपहार' योजना ल्याएको थियो । सो योजनामा झापा गाउँपालिका-५, पन्थपाडामा शिवबाबा किराना सञ्चालन गर्दै आएका नगेन्द्रले बाइक जितेका हुन् । बिहीबार बिर्तामोडमा आयोजित एक कार्यक्रममा कोशी प्रदेशका लागि एनसेलका प्रादेशिक व्यापार प्रबन्धक अम्बर भट्टाचार्यले नगेन्द्रलाई बाइक हस्तान्तरण गरेका थिए । यस कार्यक्रममा सहभागी भएका खुद्रा विक्रेताले सिमकार्ड र प्याकहरूको बिक्रीबापत निश्चित प्वाइन्ट आर्जन गर्ने अवसर पाएका थिए । यसरी आर्जन गरिएका प्वाइन्टहरूका आधारमा उनीहरूले ६५ इन्चसम्मका स्मार्ट टिभी, स्मार्टफोन, स्मार्टवाच, पावर बैंक र ब्लुटुथ स्पिकरहरू उपहार पाएको एनसेलले जनाएको छ ।

## ● आइएमई लाइफलाई 'केयर-एनपी ट्रिपल बी प्लस' रेटिङ

आइएमई लाइफ इन्स्योरेन्सले 'केयर-एनपी ट्रिपल बी प्लस' रेटिङ प्राप्त गरेको छ । रेटिङ एजेन्सी केयर नेपालका अनुसार उक्त रेटिङले समयमा नै वित्तीय दायित्व पूरा गर्न सक्षम रहेको मध्यमस्तरको सुरक्षित कम्पनी जनाउँछ ।

रेटिङ एजेन्सी केयर नेपालले कम्पनीलाई अघिल्लो वर्ष 'केयर-एनपी ट्रिपल बी' रेटिङ गरेको थियो । आर्थिक वर्ष ०८०/८१ मा कम्पनीको वित्तीय अवस्था तथा कार्य सञ्चालनमा तुलनात्मक रूपमा दिगोपनको वृद्धिका साथै अन्डरराइटिङ कार्यसम्पादन र लगानीबाट आर्जित नाफाका कारण कम्पनीको रेटिङ परिमार्जन भएको बताइएको छ ।

रेटिङ एजेन्सीले गत आवमा हकप्रद तथा सार्वजनिक सेयर जारी गरेपश्चात् कम्पनीको नेटवर्थको वृद्धिलाई पनि मूल्यांकन गरेको छ, जसले गर्दा गत आवको अन्त्यमा लगानी आधारमा वृद्धि र वित्तीय स्वस्थतामा सुधार भएको छ । कम्पनीले नियमनकारी निकायले तोकेअनुसार आफ्नो चुक्ता पुँजीलाई पाँच अर्ब रुपैयाँसमेत पुऱ्याएको छ ।

## ● मुक्तिनाथ विकास बैंकद्वारा अन्तर्राष्ट्रिय क्युआर भुक्तानी सेवा सुरु

मुक्तिनाथ विकास बैंक लिमिटेडले अन्तर्राष्ट्रिय क्युआर भुक्तानी सेवा सञ्चालन गरेको छ । बैंकले फोन-पेसँगको सहकार्यमा यो सेवा सुरु गरेको हो ।

सेवा सुरुपश्चात् भारतीय ग्राहकहरूले भिम र फोन-पेलसहित भारतीय भुक्तानी सेवा प्रदायकको माध्यमबाट मुक्तिनाथ विकास बैंकअन्तर्गतका मर्चेन्टहरूमा राखिएको क्युआर कोड स्क्यान गरी डिजिटल रूपमा रकम भुक्तानी गर्न सक्नेछन् ।

यस प्रकारको सेवाहरूले भारतीय पर्यटकहरूलाई नगद बोक्ने झन्झट नभई नेपाल र भारतबीचको आर्थिक तथा पारस्परिक सम्बन्धलाई अझ सुदृढ बनाई नेपालको आर्थिक तथा पर्यटन क्षेत्रको विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने बैंकले अपेक्षा गरेको छ ।

## ● एनआइबिएल इक्विटी पार्टनर्सले डेलिज डेरिजमा साढे नौ करोड लगानी गर्ने

प्राइभेट इक्विटी फर्म एनआइबिएल इक्विटी पार्टनर्सले डेलिज डेरिजसँग नौ करोड ५० लाख रुपैयाँ लगानी गर्ने सम्झौता गरेको छ । एनआइबिएल इक्विटी पार्टनर्स एनआइएमबि एस क्यापिटल लिमिटेडको एकाइ हो । यस सम्झौताले दुग्ध उत्पादनमा आफूलाई देशकै प्रथम स्थानमा स्थापित गर्न चाहने डेलिज डेरिजको लक्ष्यलाई थप ऊर्जा प्रदान गरेको डेलिज डेरीले जनाएको छ ।

लगानी सम्झौताले डेलिज डेरिजको उत्पादन क्षमता वृद्धि, प्रोडक्ट इनोभेसन, बजारको पहुँच विस्तार तथा आइपिओ निष्कासनजस्ता प्रक्रियामा सहयोग पुग्नेछ । एनआइएमबि एस क्यापिटलका सिइओ सिवान्तबहादुर पाँडेले भने, 'एनआइबिएल इक्विटी पार्टनर्स डेलिज डेरिजसँग साझेदारी गर्न पाउँदा निकै हर्षित छ ।

डेलिज डेरिजको क्वालिटी, इनोभेसन र स्थानीय समुदायलाई सहयोग प्रदान गर्ने प्रतिबद्धता हाम्रो मिसनसँग पूर्ण रूपमा मेल खान्छ । यस लगानीले नेपाली उपभोक्तालाई फाइदा पुऱ्याउने, रोजगारी सिर्जना गर्ने र राष्ट्रको समग्र आर्थिक विकासमा सहयोग पुग्नेमा हामी ढुक्क छौँ ।'

डेलिज डेरिजका सहसंस्थापक र सिइओ सन्दीप पौडेलले एनआइबिएल इक्विटी पार्टनरको विशेषज्ञता र पुँजी निष्कासनले अग्रणी दुग्ध उत्पादकका रूपमा रहेको कम्पनीको स्थानलाई थप बलियो बनाउने बताए ।

## ● एनएमबि बैंकले ल्यायो होम लोन योजना

एनएमबि बैंकले होम लोनको नयाँ योजना ल्याएको छ । बैंकले ८.९२ प्रतिशत ब्याजदरबाट सुरू हुने गरी 'एनएमबि होम लोन' ल्याएको हो ।

यो योजनामा ग्राहकले फ्लोटिङ दरको लचिलोपनको आनन्द लिन सक्नेछन्, जसले ग्राहकको आफ्नो सपनाको घर सुरक्षित गर्दा सम्भावित बजार उतारचढावबाट फाइदा लिन सक्ने बैंकको भनाइ छ । घर किन्ने वा निर्माण गर्ने सपना साकार पार्न बैंक प्रतिबद्ध रहेको पनि बताइएको छ । बैंकले हाल देशभरका दुई सय एक शाखा, एक सय ८७ एटिएम र ११ एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

## ● एसबिआई बैंकलाई राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) बाट वार्षिक रूपमा प्रदान गरिने 'राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड २०२३' बाट नेपाल एसबिआई बैंक सम्मानित भएको छ । बैंकले बैंकिङ क्षेत्रतर्फको सिल्भर अवार्ड प्राप्त गरेको हो । बैंकिङ सेक्टरमा उत्कृष्ट वित्तीय विवरण प्रकाशन गरकोमा आइक्यानले बैंकलाई उक्त प्रतिष्ठित अवार्डद्वारा सम्मानित गरेको हो । काठमाडौँमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री विष्णु पौडेलले नेपाल एसबिआई बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देलाई उक्त अवार्ड प्रदान गरेका थिए ।

## ● आरपिएसबाट गत आवमा ५७ खर्बको कारोबार

आर्थिक वर्ष ०८०/८१ मा राष्ट्रिय भुक्तानी स्विचअन्तर्गतको रिटेल पेमेन्ट स्विच (आरपिएस) मार्फत ५७ खर्ब रुपैयाँको कारोबार भएको छ । अघिल्लो आवको तुलनामा गत आवमा कारोबार संख्या र रकमका आधारमा आरपिएसको कारोबारमा क्रमशः ४९ र ३८ प्रतिशतले वृद्धि भएको नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले जनाएको छ । बैंक-वित्तीय संस्थाका मोबाइल बैंकिङ, भुक्तानी सेवाप्रदायका वालेट, क्यापिटल मार्केट, इन्स्योरेन्स, रेमिट्यान्स, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष तथा नेपाल सरकारसमेतको सबैजसो कारोबार प्रोसेस तथा क्लियरिङ आरपिएसबाटै हुँदै आएको छ । उक्त निकायलाई आरपिएसमा नेसनल पेमेन्ट इन्टरफेस (एनपिआई)मार्फत इन्टिग्रेट गरिएको छ । फन्ड ट्रान्सफर, प्रकारको बिल पेमेन्ट, क्युआर भुक्तानीलगायतका कारोबार जुनै च्यानलबाट गरिए पनि आरपिएसबाट प्रोसेस हुँदै आएको छ ।

एनसिएचएलका सञ्चालनमा रहेका च्यानल प्लेटफर्म जस्तै बैंक-वित्तीय संस्थाका व्यक्तिगत ग्राहकले प्रयोग गर्ने कनेक्ट आइपिएस, संस्थागत ग्राहकले प्रयोग गर्ने कर्पोरेट पे अथवा बैंकको शाखाबाट बैंक सेन्ट्रल मोड्युलबाट गरिने रियल टाइम कारोबारसमेत आरपिएसबाट प्रोसेसिङ भइरहेको बताइएको छ । राष्ट्र बैंकले नेसनल पेमेन्ट स्विच लागू गर्न एनसीएचएललाई स्वीकृति दिएपश्चात् उक्त परियोजनाको पहिलो पूर्वाधारका रूपमा एनसीएचएलले रिटेल पेमेन्ट स्विच नेपालमा नै निर्माण गरी ०७८/७९ देखि सञ्चलान गर्दै आएको छ ।

## ● एनआइसी एसिया लघुवित्तको सिइओमा जोशी

एनआइसी एसिया लघुवित्तको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा चोलराज शर्मा जोशी नियुक्त भएका छन् । संस्थाको प्यारेन्ट कम्पनी एनआइसी एसिया बैंकबाट डेपुटेड भई ०७७ कात्तिक ४ देखि संस्थाको सिइओ रहेका लक्ष्मण चालिसेलाई फिर्ता बोलाइएपछि सञ्चालक समितिले जोशीलाई सिइओ नियुक्त गरेको हो । बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं ७ का स्थायीनवासी जोशीको कार्यकाल सोमबारबाट लागू भएको छ । उनको अवधि चार वर्षको हुनेछ । नवनियुक्त सिइओ जोशीले संस्थाका अध्यक्ष प्रकाशराज शर्मासमक्ष शपथग्रहणसँगै पदभार ग्रहण गरेका छन् ।

लघुवित्त क्षेत्रमा करिब २९ वर्षको लामो कार्य अनुभव भएका जोशी मानविकी र सामाजिक विज्ञानमा स्नातकोत्तर हुन् । उनको दूरदर्शी नेतृत्व तथा कार्यानुभवबाट संस्थाले लिएको लक्ष्य हासिल गरी संस्थालाई लघुवित्त वित्तीय संस्थाहरूमाझ अग्रणी, सबल तथा सशक्त लघुवित्त संस्थाका रूपमा स्थापित गराउन अझै थप सहयोग पुग्ने विश्वास लिएको छ ।

## समस्याको...

व्यक्तिहरूमाथि यसभन्दा अगाडिको पुष्पकमल दाहाल नेतृत्वको सरकारले आस्थाका आधारमा केही व्यक्तिहरूलाई पक्राउ गर्ने र केहीलाई सामान्य सोधपुछ सम्म नगर्ने रणनीति लिएको थियो । अब ओली सरकारले तेरो मेरो नभनि तस्करी काण्डमा संलग्न भएका सबैलाई कानुनी दायरामा ल्याउनै पर्दछ तबमात्र विधिको शासन र सुशासन कायम हुन सक्छ । नेपालीमा एउटा उखान छ, सानालाई ऐन ठुलालाई चैन भन्ने अब ओली सरकारले त्यो उखानलाई तोड्नै पर्दछ ।

कानुन सबैका लागि बराबरी भन्ने सिद्धान्तलाई व्यवहारमा ल्याएर जनताको मन जित्न सकेको खण्डमा मात्र ओली प्रधानमन्त्री भएको सार्थक हुनसक्छ । यदि होइन भने उनीपनि प्रधानमन्त्रीका लागि प्रधानमन्त्री मात्र बन्न सक्छन् ।

कांग्रेस, एमाले बीचमा भएको ७ बुँदे सहमतिमा सबै दलको सहयोग र समर्थनमा संविधान संशोधन गर्ने भनिएको छ । संविधानका केही प्रावधानहरूले गर्दा नै संसदमा कुनै एक दलले बहुमत ल्याउन सक्ने अवस्था देखिँदैन । त्यस्तो प्रावधानलाई संशोधन गरी सहज वातावरण बनाउनु आवश्यक रहेको छ । प्रदेशसभाहरू र प्रदेश सरकारका बारेमा संविधानमा प्रष्ट रूपमा प्रदेश मन्त्रालय र मन्त्रीको संख्या तोकिनु आवश्यक छ । प्रदेशसभाको औचित्य समेत सावित हुन नसकेको अवस्था रहेकाले सबै दलको सहयोग र समर्थनमा प्रदेशसभा खारेज गरी संघ र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन सकेमा देशमा विकास हुन कुनै कठिनाई हुँदैन । राष्ट्रियसभालाई पूर्ण समानुपाति र प्रतिनिधिसभालाई प्रत्यक्ष निर्वाचित संसदको थलोको रूपमा विकसित गरिएको खण्डमा जनताका समस्या समाधान हुन सक्छन् । अहिले कै संविधान अनुसार मुलुकले कहिल्यै पनि स्थिर सरकार पाउन सक्ने सम्भावना नरहेकाले त्यसतर्फ ओली सरकार र दलहरूले ध्यान दिन आवश्यक रहेको छ ।

## कोशी...

बसेका थिए ।

प्रधानमन्त्रीले विश्वासको मत लिने दिन विपक्षी दल माओवादी केन्द्रका देवेन्द्र पौडेल, रास्वपाका सोविता गौतम राप्रपाका दीपक बोहरा, विक्रम पाण्डे र गीता बस्नेत अनुपस्थित रहेका थिए । एमालेबाट निर्वाचित भएका देवराज घिमिरे, प्रतिनिधिसभाका सभामुख रहेका छन् भने टोपबहादुर रायमाझी निलम्बनमा रहेका छन् । एमालेका सांसद बसन्त नेम्वाङ् विरामी रहेकाले संसदमा उपस्थित हुन सकेनन् भने कांग्रेसका अम्बिका बस्नेत, विनोद चौधरी, मनोरमा शेरचन समेत अनुपस्थित रहेका थिए । मतदानमा जम्मा १० सांसद विविध कारणले प्रधानमन्त्री ओलीले मत लिने दिन संसमा अनुपस्थित रहेका थिए । कांग्रेस एमालेका सांसदको संख्यामात्र १ सय ६६ पुग्ने भएकाले सरकार सञ्चालनमा ओलीलाई कुनै कठिनाई नभएपनि कांग्रेसलाई मनाई राख्नु भने कठिन नै देखिन्छ ।

## प्रधानमन्त्री...

समेत प्रश्न उठेको छ । शुक्रबार राज्य व्यवस्था तथा सशुासन समितिमा उजुरी समेत परेको छ । आफूसहित ५ जना एक कार्यक्रममा भाग लिन अमेरिका जान लागेको भन्दै उनले भिसाको अन्तरवार्ता छिटो सारिदिन अमेरिकी दुतावासलाई उपसभामुखको लेटप्याडमा पत्र लेखेकी थिइन् । अमेरिका जान नपाएको र पैसा समेत डुबेको गुनासो रास्वपा कार्यालयमा परेको भएपनि लेनदेन मिलेको भन्दै रास्वपाले तीन महिना अघि देखि यो विषयलाई गुपचाप राखेको थियो ।

२०७९ फागुन २२ देखि चैत्र ३ सम्म संयुक्त राष्ट्रसंघको संयन्त्र कमिसन अन स्टाटस अफ वुमेनको ६७ औँ सीएमडुब्लुको बैठक भएको थियो । यो कार्यक्रममा भाग लिन महिला अधिकारको अभियानसँग संलग्न नै नभएका व्यक्तिहरूलाई अमेरिका लैजान उनले अमेरिकी दुतावासमा सिफारिस गरेकी थिइन । संसदको पदाधिकारी, सांसद र कर्मचारी समेतको भिषा प्रक्रिया संसद सचिवालयको अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखामार्फत परराष्ट्र मन्त्रालयले गर्दछ । तर सो प्रक्रियालाई उल्लंघन गर्दै उपसभामुखले आफैँ पत्र लेखेकी थिइन् । त्यसको एउटै कारण थियो मानव तस्करी नै गर्ने त्यही कारणले गर्दा उपसभामुख नै मानव तस्करीमा संलग्न भएकोले उनले राजिनामा दिएर अनुसन्धानलाई सघाउनुपर्दछ । उनी पदमा बस्न अयोग्य भएको पुष्टि पत्रले नै गरेको छ भन्ने भनाई सुरक्षाविद्हरूको रहेको छ ।

## ओली सरकारलाई...

जनतामा निराशा छाएको छ । वर्षायाम भएकाले बाढी पहिरोले गर्दा जनता थप पिडामा रहेका छन् । अब ओली नेतृत्वको सरकारले कुनै ढिलाई नगरि आफ्नो काम अघि बढाउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ । मुलुक भ्रष्टाचारको जालोमा फसेको छ । यस्तो अवस्थामा चौथो पटक प्रधानमन्त्री बनेका प्रधानमन्त्री ओलीले जनताको आशा जगाएर भ्रष्टाचार कुशासन र बेथितिको अन्त्य गर्न नसकेको खण्डमा उनीपनि प्रधानमन्त्रीका लागि प्रधानमन्त्री मै सिमित रहन सक्छन् । त्यसैले अब काम गरेर देखाउने बेला आएको छ ।

## रानाले....

आफैँलाई निर्दोष रहेको बताउँदै आएका छन् । रास्वपाका विभिन्न व्यक्तिहरूमाथि अनेक प्रकारका आरोप लाग्दै आएका छन् । सहकारी ठगी प्रकरणमा सभापति सहित उपसभापति लगायत अन्य नेताहरूको नाम समेत जोडिँदै आएको छ ।

रास्वपाका धेरै नेताहरू सहकारी ठगी प्रकरणमा जोडिँदै आएका छन् । पछिल्लो पटक झण्डै झण्डै नक्कली भुटानी शरणार्थी प्रकरण जस्तो रास्वपाबाट उपसभामुख रहेकी इन्दिरा रानाको नाम जोडिएको छ । उनी आफूँ कुनै कार्यक्रममा अमेरिका जान लागेको बेला उक्त कार्यक्रममा कुनै सम्बन्ध नै नभएका ५ जनालाई आफूसँगै अमेरिका लान अन्तरवार्ताको मिति छिटो सारिदिन काठमाडौमा रहेको अमेरिकी दुतावासलाई पत्र नै लेखेर अनुरोध गरेकी थिइन् ।

रानाले पत्र आफूले लेखेकी स्वीकार गरिसकेको अवस्थामा उनी उपसभुम पदमा बस्न अयोग्य रहेकी छन् । तर रास्वपाका नेताहरू भने यसलाई प्रपञ्चका रूपमा लिइरहेका छन् । अब उनलाई रास्वपाले कारबाही गर्दछ कि गर्दैन भने प्रश्न समेत उठेको छ । तर सभापति लामिछाने भने मिडियामा आएका कुरा झुठा हुन् भन्ने गरेका हुनाले उनी माथि कारबाही हुने सम्भावना भने न्यून रहेको छ ।

# मधेशबाट वैदेशिक रोजगारीमा जाने धेरै

काठमाडौं । गत आर्थिक वर्ष ०८०/८१ मा वैदेशिक रोजगारीमा जानेमा सबैभन्दा धेरै मधेश प्रदेशका देखिएका छन् । गत आवमा सात लाख ४१ हजार दुई सय ९७ जना नेपाली कामदार वैदेशिक रोजगारमा गएका छन् । त्यसमा आठ जिल्ला भएको मधेश प्रदेशबाट मात्रै एक लाख ७२ हजार आठ सय ६१ जना रहेका छन् ।




वैदेशिक रोजगार विभागबाट प्राप्त गत आवको तथ्यांकले यस्तो देखाएको हो । भौगोलिक रूपमा सुगम मानिने मधेश प्रदेशका अधिकांश नागरिकको आर्थिक अवस्था कमजोर मानिन्छ । त्यहाँ जनसंख्याका आधारमा गरिबी दर २२.५३ प्रतिशत रहेको राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकले देखाउँछ । सोही कारण मधेश प्रदेशमा वैदेशिक रोजगारीको हिस्सा धेरै देखिएको हो । त्यसमा एक लाख एक सय ४३ जनाले पहिलोपटक श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका छन् । यद्यपि, वैदेशिक रोजगारीले त्यहाँ गरिबी हट्दै गएको बताइन्छ ।

समीक्षा वर्षमा बाराबाट १३ हजार चार सय २२, धनुषाबाट ३९ हजार एक सय सात, महोत्तरीबाट २७ हजार तीन सय ५०, पर्साबाट सात हजार एक सय ३५ जना, रौतहटबाट १३ हजार दुई सय १४, सप्तरीबाट २० हजार चार सय ६०, सर्लाहीबाट २१ हजार दुई सय ४३ र सिराहाबाट ३० हजार नौ सय ३० जना वैदेशिक रोजगारीमा गएका छन् ।

वैदेशिक रोजगारीमा धेरै जानेमा कोशी प्रदेश दोस्रो नम्बरमा छ । १४ जिल्ला भएको उक्त प्रदेशबाट एक लाख ६० हजार ६ सय ७२ जना वैदेशिक रोजगारमा गएका छन् । त्यसमा एक लाख ६५ जना पहिलोपटक वैदेशिक रोजगारीमा गएका छन् ।

तेस्रो स्थानमा भने लुम्बिनी प्रदेश रहेको छ । १२ जिल्ला भएको लुम्बिनी प्रदेशबाट एक लाख ३० हजार पाँच सय ८६ जना वैदेशिक रोजगारमा गएका छन् । त्यसमा ७८ हजार पाँच सय १२ जना पहिलोपटक वैदेशिक रोजगारमा गएका हुन् ।

यस्तै, १३ जिल्ला भएको बागमती प्रदेशबाट एक लाख २१ हजार २१ जना वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा ८२ हजार एक सय सातजना पहिलोपटक वैदेशिक रोजगारमा गएका छन् । ११ जिल्ला रहेको गण्डकी प्रदेशबाट भने एक लाख एक हजार ६ सय ७६ जना वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा ५६ हजार आठ सय ९१ जना पहिलोपटक वैदेशिक रोजगारीमा गएका हुन् ।

यसैगरी, १० जिल्ला भएको कर्णाली प्रदेशबाट २४ हजार एक सय ७५ जना वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा १८ हजार ६ सय ७० जना पहिलोपटक वैदेशिक रोजगारीमा गएका छन् । यसका अलावा नौ जिल्ला भएको सुदूरपश्चिम प्रदेशबाट ३० हजार तीन सय पाँचजना वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा २३ हजार सात सय १४ जना पहिलोपटक रोजगारीमा गएका छन् ।

यसरी गत आवमा सात लाख ४१ हजार दुई सय ९७ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा चार लाख ६० हजार एक सय दुईजना पहिलोपटक वैदेशिक रोजगारीमा गएका हुन् ।

गत आवमा ६ लाख ६१ हजार एक सय २५ जना पुरूष र ८० हजार एक सय ७२ जना महिला नेपाली कामदार वैदेशिक रोजगारमा गएका छन् ।

यद्यपि, गत आवमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ३.८९ प्रतिशतले घटेको छ । अघिल्लो आवमा सात लाख ७१ हजर तीन सय २७ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए । जुन वार्षिक रूपमा हालसम्मकै उच्च थियो । तर, गत आवमा त्यो घटेको विभागले जनाएको छ ।

विभागका महानिर्देशक डण्डुराज घिमिरेले दुई कारणले वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या घटेको बताए । गत आवमा एक सय ४९ देशमा नेपालीहरू काम गर्न गएको विभागको तथ्यांकले देखाएको छ । त्यसमा सबैभन्दा धेरै युएईमा एक लाख ९३ हजार चार सय ३८ जना गएका छन् । दोस्रो नम्बरमा रहेको साउदी अरबमा एक लाख ४१ हजार पाँच सय दुई, तेस्रो नम्बरमा रहेको कतारमा एक लाख ३४ हजार ६ सय ६९ र चौथो नम्बरमा रहेको मलेसियामा एक लाख तीन हजार चार सय ४२ जना नेपाली गएका छन् ।

# बुटवल पावर कम्पनीलाई आइक्यानको गोल्ड अवार्ड

काठमाडौं । बुटवल पावर कम्पनी लिमिटेड नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (आइक्यान)को गोल्ड अवार्डबाट सम्मानित भएको छ । 'राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कार २०२३' अन्तर्गत कम्पनीले 'पावर एन्ड इनर्जी' विधामा गोल्ड अवार्ड पाएको हो ।

आर्थिक वर्ष ०७९-८० मा कम्पनीले प्रकाशित गरेको वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि उक्त अवार्ड प्रदान गरिएको हो । श्रावण ५ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तरकुमार श्रेष्ठलाई उक्त अवार्ड प्रदान गरेका थिए ।

कम्पनीको परिष्कृत वार्षिक प्रतिवेदनले साउथ एसियन फेडेरेसन अफ एकाउन्टेन्टस् (साफा)ले दक्षिण एसियालीस्तरमा आयोजना गर्ने उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्डका लागिसमेत प्रतिस्पर्धा गर्ने बताइएको छ ।

बुटवल पावर कम्पनीले हाल ९.४ मेगावाट तथा १२ मेगावाट क्षमताका २ वटा जलविद्युत् केन्द्रहरूबाट विद्युत् उत्पादन गरी स्याङ्जा, पाल्पा, प्युठान तथा अर्घाखाँचीका करिब ६३ हजार ग्राहकहरूलाई विद्युत् वितरण गर्दै आएको छ । हाल सञ्चालनमा रहेको ६० मेगावाटको खिम्ती प्रथम, ३० मेगावाटको न्यादी तथा ४ मेगावाटको खुदी जलविद्युत् आयोजनाहरूमा कम्पनीको लगानी छ ।

निर्माणको चरणमा रहेको ३७.६ मेगावाट क्षमताको काबेली ए जलविद्युत् आयोजना, पूर्वनिर्माणको चरणमा रहेका मर्स्याङ्दी बेसिनस्थित करिब ६०० मेगावाट क्षमताका तीनवटा जलविद्युत् आयोजनाहरू कम्पनीको लगानी रहेको छ । ७.८ मेगावाट क्षमताको चिनोखोला जलविद्युत् आयोजना निर्माण गर्ने योजना रहेको कम्पनीले जनाएको छ ।

## कांग्रेस...

छन् पानी आउँदैन । पानी नआउने धाराको मासिक शुल्क भने तिरिरहनुपर्ने बाध्यतामा जनता रहेका छन् । देख्दा सानो कुरा भएपनि जनतालाई ठुलो मार परेको हुनाले अब ओली सरकारले धारामा पानी नआउने पानीको शुल्क मिनाह गर्नपर्ने आवश्यकता रहेको छ ।

जनताका समस्याहरू एकै पटक समाधान हुन सक्ने सम्भावना नभएपनि क्रमशः त्यस्ता समस्याहरू समाधान गरिँदै अघि बढ्नु ओली सरकारकै हितमा हुनेछ । कांग्रेस र एमालेको गरी झण्डै दुई तिहाई मत रहेकाले गर्दा सरकार जोगाउन सरकार लागि पर्नुपर्ने बाध्यता ओली सरकारलाई छैन । कांग्रेस र एमाले मिलेर सरकार निर्माण मात्र गरेका छैनन् दुवै दलका अध्यक्ष र सभापति आलोपालो प्रधानमन्त्री बन्ने सहमति गरेका हुनाले दुवै दलले एकले अर्कोलाई विश्वास गरेर अघि बढ्न सक्नुपर्दछ । यदि कांग्रेस र एमालेको संयुक्त सरकार पनि असफल सावित भए मुलुक नै असफलताको मार्गतर्फ उन्मुख हुने निश्चित जस्तै रहेकाले त्यसतर्फ ओली सरकारले मात्र होइन कांग्रेस र एमालेले नै ध्यान पुऱ्याउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

## दाहालको...

र दोस्रो ठुलो पार्टी रहेका भएपनि संसदको तेस्रो ठुलो पार्टी रहेको माओवादी केन्द्रका अध्यक्ष समेत रहेका दाहालले आफू राजनीतिमा रहिञ्जेल उथलपुथल गरिरहने उद्घोष गरेपछि कांग्रेस र एमालेबीचमा कांग्रेस र एमाले मिलेर सरकार बनाउने प्रयास जारी रहेको थियो । कांग्रेस र एमाले दुवै दललाई दाहालले खेलाउँदै आएका र आफ्नो पार्टीको समर्थन विना कसैले सरकार निर्माण गर्न नसक्ने अभिव्यक्ति दाहालले दिँदै आएकाले गर्दा कांग्रेस र एमाले मिल्न उनीहरूमाथि दवाव बढ्दै गएको थियो त्यसैको परिणाम हो कांग्रेस एमालेको मिलन ।

कांग्रेस, एमालेबीचमा भएको ७ बुँदे सहमतिमा संविधान संशोधनको बुँदा समेत परेको छ । पछिल्लो समयमा संविधानकै कारण केही अप्ठ्याराहरू देखा परेका र प्रदेश सरकारहरूले जथाभावी मन्त्रालयको संख्या बढाउने र मन्त्रीहरूको संख्या समेत थप्ने गरेका हुनाले राज्यमाथि ठुलो भार थुप्रिँदै गएकाले अब संविधानमै प्रदेशका मन्त्रालयहरूको संख्या तोकिनुपर्ने र मन्त्रीहरूको संख्या समेत बढीमा ९ जनाभन्दा बढी राख्न नपाइने व्यवस्था संविधानमै गरिनु उपर्युक्त हुनेछ ।

**सुर्तीजन्य पदार्थको सेवन नगरौं ।**

**सुर्तीजन्य पदार्थको सेवनले:**

- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ ।

**त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार